विषयसूची

भाग १ : सर्वेक्षणको परिचय १

१. पृष्ठभूमि १

२. उद्देश्य २

३. सर्वेक्षण विधि २

४. सन्दर्भ अवधिः ३

५. गोपनीयताको प्रत्याभूति ३

६. प्रश्नावली फाराम भर्दा ध्यान पुर्‍याउनुपर्ने कुराहरू ४

भाग २ : प्रश्नावलीमा भएका विवरणहरु भर्ने तरिका ५

खण्ड १ : परिचयात्मक विवरण ५

१.१ प्रदेश ५

१.२ जिल्ला ५

१.३ नगरपालिका/गाउँपालिका ५

१.४ वडा नम्बर ५

१.५ गाउँ/टोल ६

१.६ फर्म/व्यवसायीको नाम ६

१.७ प्रमुख सञ्चालक/व्यवसायीको नाम ६

१.८ उत्तरदाताको नाम ६

खण्ड २ : सञ्चालन सम्बन्धी विवरण ७

२.१ यो फर्म कुनै सरकारी निकायमा दर्ता गर्नुभएको छ ? ७

२.२ दर्ता गरेको सरकारी निकाय (बहुउत्तर सम्भव छ) ७

२.३ फर्म सञ्चालन वर्ष (विक्रम सम्वत्मा): ७

२.४ यो फर्मको वैधानिक स्थिति कुन हो ? ८

२.५ प्रमुख सञ्चालक/व्यवसायीको लिङ्ग ९

२.६ प्रमुख सञ्चालक/व्यवसायीको उमेर ९

२.७ प्रमुख सञ्चालक/व्यवसायीको शैक्षिक योग्यता ९

२.८ प्रमुख सञ्चालक/व्यवसायीको जात/जाति १०

२.९ यस फर्मको मुख्य उत्पादन के हो ? १०

खण्ड ३ : रोजगारी ११

खण्ड ४ फर्ममा रहेका कुखुराको किसिम र संख्या १५

४.१ फर्ममा रहेका ब्रोइलर, लेयर्स, कोइलर तथा गिरिराज कुखुरासम्बन्धी विवरण १५

४.२ ह्याचरीमा रहेका प्यारेन्ट कुखुराको विवरण १७

खण्ड ५. फर्मको उत्पादन तथा बिक्री १९

५.१ सन्दर्भ अवधिमा मासु उत्पादन तथा बिक्रीसम्बन्धी विवरण (ब्रोइलर, गिरिराज र कोइलर) १९

५.२ सन्दर्भ अवधिमा अण्डा उत्पादन तथा बिक्रीसम्बन्धी विवरण (लेयर्सका लागि) २२

५.३ सन्दर्भ अवधिमा प्यारेन्ट कुखुराको अण्डा उत्पादन तथा बिक्रीसम्बन्धी विवरण (ह्याचरीबाट मात्र विवरण संकलन गर्ने) २४

५.४ सन्दर्भ अवधिमा चल्ला उत्पादन तथा बिक्रीसम्बन्धी विवरण (ह्याचरीबाटमात्र विवरण संकलन गर्ने) २६

५.५ सन्दर्भ अवधिमा मासुका लागि बिक्री गरिएका लेयर्स तथा प्यारेन्ट (अण्डा पारी सकेका) कुखुरासम्बन्धी विवरण २८

५.६ सन्दर्भ अवधिमा कुखुराको मल (सुली) उत्पादन तथा बिक्रीसम्बन्धी विवरण २९

५.७ सन्दर्भ अवधिमा रोग तथा अन्य कुनै कारणले यस फर्मको कुखुरामा कुनै क्षति पुगेको थियो ? ३०

५.८ कुखुरामा भएको क्षतिको विवरण ३१

खण्ड ६: सन्दर्भ अवधिभित्र फर्ममा भएका चालु तथा पुँजीगत खर्च तथा बिक्री विवरण ३२

६.१ सन्दर्भ अवधिमा भएका चालु खर्च विवरण ३२

६.२ सन्दर्भ अवधिमा भएका पुँजीगत खर्च तथा बिक्री विवरणः ३९

६.३ मौज्दात ४७

खण्ड ७ : ऋण, बीमा र अनुदानसम्बन्धी विवरण ४९

७.१ यस फर्मले कुखुरापालन व्यवसायको लागि ऋण लिएको छ ? ४९

७.२ यस फर्मले ऋण मुख्यतः कहाँबाट लिएको हो ? ४९

७.३ यस फर्मलाई कुखुरापालन व्यवसायका लागि ऋण/थप ऋणको आवश्यकता छ ? ५०

७.४ यस फर्मलाई मुख्य कुन उद्देश्यका लागि ऋण/थप ऋणको आवश्यकता छ ? ५०

७.५ यस फर्म तथा कुखुराको बीमा गर्नुभएको छ ? ५०

७.६ यस फर्मले बीमाको लागि रकम दावि गरेको थियो ? ५०

७.७ फर्मले बीमाको लागि दावि गर्नु भएको रकम प्राप्त गर्नुभयो ? ५१

७.८ पछिल्लो ३ वर्षमा यस फर्मले कुखुरापालन प्रयोजनका लागि अनुदान पाउनु भएको छ ? ५१

७.९ फर्मले कुन प्रयोजनका लागि अनुदान पाएको हो ? ५१

खण्ड ८ विविध ५२

८.१ यस फर्मले कुखुरापालनको लागि छुट्टै व्यावसायिक भवन (खोर/घर) प्रयोग गरेको छ ? ५२

८.२ यस व्यवसायमा रहेको व्यावसायिक भवन (खोर/घर) को संख्या, स्वामित्व तथा भवनको प्रकार ५२

८.३ यो कुखुरापालन व्यवसाय गर्नुअघि प्रमुख सञ्चालक/व्यवसायीको व्यवसाय/पेशा/क्षेत्र के थियो ? ५३

८.४ प्रमुख सञ्चालक/व्यावसायीले कुखुरापालन व्यवसायसम्बन्धी तालिम लिनु भएको छ ? ... ५४

८.५ यस फर्मले जैविक सुरक्षा प्रणालीका निम्न उपायहरु अपनाएको छ ? ५४

८.६ कुखुरापालन व्यवसायमा प्रभाव पार्ने पक्षहरु ५४

८.७ यस फर्मले मृत्यु भएको कुखुराहरुको व्यवस्थापन कसरी गर्ने गरेको छ ? ५५

८.८ सन्दर्भ अवधिमा व्यवसायको क्षमताअनुसार उत्पादनको अवस्था..... ५५

८.९ के यो कुखुरापालन व्यवसाय प्रमुख सञ्चालक/व्यवसायीको मुख्य व्यवसाय हो ? ५६

८.१० यस कुखुरापालन व्यवसायसम्बन्धी भावी योजना के छ ?.....५६

८.११ तपाईको विचारमा कुखुरापालन व्यवसायको हितको लागि सरकारले गर्नुपर्ने मुख्य मुख्य कार्यहरु के के हुनसक्छन् ?.....५६

भाग १ : सर्वेक्षणको परिचय

१. पृष्ठभूमि

नेपालमा कुखुरापालनको सुरुवात प्राचीन समयदेखि हुँदै आएको देखिन्छ । सुरुसुरुमा घरायसी उपभोगका लागि मात्र थोरै संख्यामा कुखुरापालन गर्दै आएकोमा जनसंख्या वृद्धि, बदलिँदो परिवेश, खानपानमा आएको परिवर्तन र उन्नत प्रविधि तथा नक्षको विकाससँगै विगत चार दशकदेखि नेपालमा कुखुरापालन व्यवसाय निकै द्रुत गतिमा फस्टाउँदै आएको छ । कुखुराको मासु र अण्डाको माग दिनानुदिन बढ्दै गएको परिप्रेक्ष्यमा यो व्यवसाय नेपालको सन्दर्भमा निकै महत्वपूर्ण रहिआएको छ । कम समयमै लगानीको प्रतिफल आउने, थोरै जमिन र कम पुँजी हुने व्यवसायी तथा किसानले समेत सजिलै व्यवसाय सञ्चालन गर्न सक्ने हुनाले हालका दिनमा यो व्यवसायले राष्ट्रिय अर्थतन्त्रमा नै अहम् भूमिका निभाउँदै आएको छ ।

कुखुरापालन व्यवसायसम्बन्धी तथ्याङ्कको महत्व दिनानुदिन बढ्दै गइरहेको छ । यस व्यवसायको भौतिक संरचना, रोजगारीको अवसर, आयआर्जनको स्थिति, वातावरणीय प्रभाव, कुखुरामा लाग्ने रोगको प्रकार र प्रकृति, सरकारी/गैरसरकारी सेवाको उपलब्धता लगायत व्यावसायिक उन्नतिको लागि सरकारसँगको अपेक्षा आदि समेटिएको तथ्याङ्क तथा सूचनाको आवश्यकतालाई मध्यनजर गरी नेपाल सरकार, साबिकको केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७१/७२ मा व्यावसायिक कुखुरापालन सर्वेक्षण सञ्चालन गरेको थियो। सो समयमा गरिएको सर्वेक्षणको महत्व, उपयोगिता र आवश्यकतालाई मध्यनजर गर्दै कार्यालयले चालु आ.व. २०८१/८२ मा दोश्रो व्यावसायिक कुखुरापालन सर्वेक्षण सञ्चालन गर्दैछ । सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरु यस व्यवसायको विकासका लागि आवश्यक नीति निर्माण तथा योजना तर्जुमा र अनुगमन एवं मूल्याङ्कन गर्न यस क्षेत्रको राष्ट्रिय लेखा अनुमान यथार्थपरक बनाउन उपयोगी हुनुका साथै यस क्षेत्रका अनुसन्धानकर्ता, व्यवसायी, विद्यार्थीहरू र यस क्षेत्रमा चासो राख्ने सबै सरोकारवालालाई पनि महत्वपूर्ण हुने विश्वास कार्यालयले लिएको छ ।

सर्वेक्षण प्रयोजनको निमित्त तयार पारिएका प्रश्नावलीभित्र रहेका प्राविधिक एवं सैद्धान्तिक विषयलाई सकेसम्म स्पष्ट पारी बुझाईको स्तरमा एकरुपता कायम गर्दै सहजतापूर्वक गणना कार्यसम्पन्न गर्ने उद्देश्यले यो पुस्तिका तयार गरिएको छ । यो पुस्तिका गुणस्तरीय तथ्याङ्क सङ्कलन गर्न गराउन गणनामा संलग्न कर्मचारी एवं विश्लेषणकर्ता सबैका निमित्त सहयोगी हुनेछ ।

२. उद्देश्य

नेपालमा सञ्चालनमा रहेका कुखुरापालन व्यवसायहरू (दर्ता भएका वा नभएका) को अवस्था (Status), वितरण (Distribution), बनोट (Structure) र प्रकृति (Nature) सम्बन्धी जानकारीका साथै ती व्यवसायहरूको जम्मा संख्या, व्यवसायबाट सिर्जित रोजगारी, मासु तथा अण्डा उत्पादन तथा बिक्री, सञ्चालन तथा पुँजीगत खर्च आदि विवरणहरूको सङ्कलन, प्रशोधन, विश्लेषण एवं व्याख्या गरेर सोको प्रकाशन गर्नु यस सर्वेक्षणको प्रमुख उद्देश्य हो । बुँदागत रूपमा उल्लेख गर्नुपर्दा यस सर्वेक्षणका उद्देश्यहरू देहायअनुसार रहेका छन् :

क) राष्ट्रिय अर्थतन्त्रमा कुखुरापालन व्यवसायले पुर्‍याएको योगदानको अनुमान गर्न।

ख) कुखुरापालन व्यवसायहरूको अवस्था, वितरण, बनोट र प्रकृतिको बारेमा सूचना उपलब्ध गराउने ।

ग) यस क्षेत्रमा भएको सालबसाली खर्च, त्यसबाट उत्पादित वस्तुको उपयोगको बारेमा सूचना उपलब्ध गराउने ।

घ) यस क्षेत्रमा रहेको रोजगारीको स्थिति, यस क्षेत्रले राष्ट्रिय आयमा ओगटेको अंश र त्यसको मात्रा पत्ता लगाउने ।

ङ) योजना तर्जुमा, नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन/अनुसन्धान गर्न तथ्याङ्क उपलब्ध गराउने ।

३. सर्वेक्षण विधि

३.१ अध्ययन क्षेत्रः व्यावसायिक कुखुरापालन गरिएका नेपालका सबै प्रदेश र जिल्लाहरुमा यो सर्वेक्षण सञ्चालन गरिनेछ ।

३.२ व्यावसायिक कुखुरापालनको परिभाषाः व्यावसायिक कुखुरापालन सर्वेक्षण २०८१ प्रयोजनको लागि व्यावसायिक कुखुरापालन भन्नाले वार्षिकरुपमा कम्तीमा ५०० वा पछिल्लो लटमा २०० वा सोभन्दा बढी संख्यामा कुखुरापालन गरी कुखुरा तथा अण्डा बिक्री वितरण गर्ने व्यवसायी/कृषकहरु तथा प्यारेन्ट जातको कुखुरापालन गरी चल्ला उत्पादन एवम् बिक्री वितरण गर्ने ह्याचरीहरुलाई जनाउँदछ । अतः सन्दर्भ अवधिमा यसप्रकारले संचालनमा रहेका व्यवसायी/कृषकहरु तथा ह्याचरीहरुलाई मात्र यो सर्वेक्षणमा समेटिने छ ।

३.३ तथ्याङ्कको स्रोत र नमूनाको आकार (Data Source and Sample Size) : सर्वेक्षणको लागि पहिलो चरणमा सबै प्रदेश तथा जिल्लाहरुका स्थानीयतहरुमा पुगी त्यहाँ रहेका कृषि तथा पशु शाखावाट परिभाषा भित्र पर्ने व्यावसायिक कुखुरापालन गर्ने व्यवसायी/कृषकको सूचि तयार गर्ने साथै जिल्लामा रहेका चल्ला तथा दाना बिक्री वितरण गर्ने डिलर, सवडिलर, एग्रोभेटका साथै ह्याचरीहरुमा गई माथि उल्लेखित परिभाषा अनुसारका कुखुरापालक व्यवसायी/कृषक परिवारको नामनामेसी साथै तिनले वार्षिक रुपमा पालेका किसिमअनुसारका कुखुरा संख्या सहितको विवरण संकलन गरी जिल्लाअनुसार सूची तयार पारिएको छ । दोस्रो चरणमा यसै सूचीबाट नमूना छनौट बिधिबाट आवश्यक संख्यामा व्यवसायी/कृषक छनौट गरी छानिएका व्यवसायी/कृषकहरुबाट विस्तृत विवरण संकलन गरिनेछ ।

४. सन्दर्भ अवधिः

व्यवसायिक कुखुरापालन सर्वेक्षण २०८१ को लागि सन्दर्भ वर्ष र सन्दर्भ दिन गरी दुई किसिमका सन्दर्भ समय लिइएका छन् । सन्दर्भ वर्ष भन्नाले मिति २०८० पौष १६ देखि २०८१ पौष १५ सम्मको १२ महिनाको अवधिलाई मानिएको छ । सन्दर्भ दिन भन्नाले गणना भएको दिनलाई मानिएको छ । प्रश्नावली अन्तर्गत संकलन गरिने विभिन्न विवरणहरुको सन्दर्भ समय साधारणतया १२ महिनाको अवधिलाई मानिएको भए तापनि केही खास कुरामा भने सन्दर्भ अवधि गणनाको दिनलाई मान्नु पर्नेछ । जस्तैः व्यवसायले गरेको चालु तथा पुँजीगत खर्च, अस्थायी कामदार संख्या, मासु तथा अण्डा उत्पादन तथा बिक्री आदिको विवरण लिँदा सन्दर्भ अवधि १२ महिनाको अवधिलाई मानी विवरण संकलन गरिन्छ भने स्थायी कामदारको संख्या, फर्ममा रहेका कुखुरा संख्या, कृषि ऋण, व्यावसायिक भवनको प्रयोग आदिलाई लिँदा गणनाको दिनलाई सन्दर्भ अवधि मानी विवरण संकलन गरिन्छ ।

५. गोपनीयताको प्रत्याभूति

सर्वेक्षणबाट प्राप्त विवरण तथ्याङ्क ऐन, २०७९ को दफा १० अनुसार गोप्य रहनेछन् र समष्टिगत रूपमा मात्र प्रकाशित गरिने छन् । सङ्कलित तथ्याङ्क गोप्य राखिने कुरामा उत्तरदातालाई विश्वस्त तुल्याउन सके मात्र सही तथ्याङ्क सङ्कलन गर्न सकिन्छ । कुनै पनि कुखुरापालन व्यवसायको विवरण व्यक्तिगत रूपमा देखिने गरी प्रकाशनमा ल्याइने छैन र सामूहिक रूपमा तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गरिने छ ।

६. प्रश्नावली फाराम भर्दा ध्यान पुर्‍याउनुपर्ने कुराहरू

सुपरिवेक्षकले केन्द्रीय वा स्थानीयस्तरको सुपरिवेक्षणको क्रममा भरेका फाराम बुझ्दा वा गणकले प्रश्नावली फाराम भर्दा निम्न कुराहरूमा ध्यान पुर्‍याउनु पर्दछ ।

प्रश्नावलीको पहिलो पेजको माथिल्लो भागको दाहिने कुनामा फाराम क्रमसंख्या लेख्नको लागि ५ वटा कोठा राखिएको छ । यस कोठामा कार्यालयबाट छनोटमा परेका व्यवसायी/कृषकको लिष्टमा दिइएको फाराम क्रमसंख्याको महलमा रहेको संख्या लेख्नुपर्दछ । यसरी फाराममा संख्या लेख्दा एकपटक रूजु गर्नुहोस् र त्यो संख्या कार्यालयले पठाएको Sample List मा उपलब्ध गराइएको संख्यासँग मिलेको छ या छैन भन्ने एकिन गर्नुहोस। यसका लागि तल उदाहरणमा भए बमोजिमको हुनुपर्दछ ।

३	५	०	-	C

३	५	०	-	S

प्रश्नावलीमा सोधिएका प्रश्नहरूको उत्तर सम्बन्धित ठाउँमा (गोलो लगाउने ठाँउमा गोलो गर्न र लेख्नुपर्ने स्थानमा लेख्न) स्पष्टसँग बुझिने गरी लेख्नुपर्दछ । यदि अक्षर र अङ्क नबुझिने गरी लेखियो भने तथ्याङ्क साङ्केतीकरण र प्रविष्टि (Data Coding and Entry) गर्दा गल्ती हुन सक्दछ । संख्या वा रकम वा उत्तरको कोड लेख्दा विशेष होसियारी अपनाउनुपर्दछ । प्रश्नावलीमा सोधिएका प्रश्नका उत्तरहरू अङ्क अंग्रेजीमा र अक्षर नेपालीमा लेख्नुपर्दछ ।

हरेक शीर्षक अन्तर्गतका लहरमा खर्च वा आम्दानी वा कामदार संख्या नआउने अवस्था पनि हुन सक्दछ । त्यस्तो अवस्थामा गणकले प्रश्नावली फाराम भर्दा खाली भएको खर्च वा आम्दानी वा कामदार संख्याको महल वा कोष्ठमा यस्तो "—" चिह्न लेख्नुपर्दछ ।

प्रश्नावलीको उपयुक्त ठाउँमा अङ्क लेख्नु अघि हिसाब गर्नु परेमा प्रश्नावलीको अन्तिम पृष्ठको खाली ठाँउमा गर्नुपर्दछ वा छुट्टै सादा पानामा गर्नुपर्दछ ।

प्रश्न नं. ३.१ अन्तर्गतको तलबी कर्मचारीको कुनै कोठामा कर्मचारीको संख्या उल्लेख भएको छ भने सम्बन्धित कोठामा तलब वा अन्य सुविधाको रकम अनिवार्य लेखेको हुनुपर्दछ ।

सम्पूर्ण विवरण लिए पश्चात् उत्तरदातालाई धन्यवाद ज्ञापन गरी मात्र बिदा लिनुपर्दछ ।

भाग २ : प्रश्नावलीमा भएका विवरणहरु भर्ने तरिका

खण्ड १ : परिचयात्मक विवरण

१.१ प्रदेश

कुखुरापालन व्यवसाय संचालन भएको स्थान हाल कुन प्रदेश अन्तर्गत पर्दछ सोधी प्रदेशको नाम लेख्नुपर्दछ । जस्तैः चितवन जिल्लामा व्यवसाय संचालन भएको रहेछ भने प्रदेशको नाम बागमती लेखी दिइएको कोठामा वागमती प्रदेशको कोड ३ लेख्नुपर्दछ । प्रदेशको कोड यसै निर्देशिकाको अनुसूची १ मा दिइएको छ ।

१.२ जिल्ला

कुखुरापालन व्यवसाय संचालन भएको स्थान हाल कुन जिल्ला अन्तर्गत पर्दछ सोधी जिल्लाको नाम र कोड लेख्नुपर्दछ । जस्तैः चितवन जिल्लामा व्यवसाय संचालन भएको रहेछ भने जिल्लाको नाम चितवन लेखी दिइएको कोठामा सो जिल्लाको कोड लेख्नुपर्दछ । जिल्लाको कोड यसै निर्देशिकाको अनुसूची २ मा दिइएको छ ।

१.३ नगरपालिका/गाउँपालिका

कुखुरापालन व्यवसाय रहेको नगरपालिका/गाउँपालिकाको नाम प्रश्न १.३ अन्तर्गतको खाली ठाउँमा लेख्नुपर्दछ। नगरपालिका/गाउँपालिकाको दाहिने तर्फ रहेको कोठामा नगरपालिका र गाउँपालिकाको कोड लेख्नुपर्दछ जुन कोड कार्यालयले उपलब्ध गराएको हुन्छ ।

१.४ वडा नम्बर

कुखुरापालन व्यवसाय प्रश्न १.३ मा उल्लेख गरिएको नगरपालिका/गाउँपालिकाको कुन वडामा सञ्चालनमा रहेको छ, सोही वडा नं. यहाँ दिईएको कोठामा दुई अंकमा लेख्नुपर्दछ । उदाहरणका लागि यो व्यवसाय कुनै पालिकाको ७ नम्बर वडामा संचालनमा रहेको भए खाली कोठामा ०७ लेख्नु पर्दछ।

१.५ गाउँ/टोल

गणना गर्न लागेको व्यवसाय जुन गाउँ/टोलमा रहेको छ सोही गाउँ/टोलको नाम यहाँ लेख्नुपर्दछ।

१.६ फर्म/व्यवसायीको नाम

फर्म/व्यवसायीको नाम लेख्दा आधिकारिक निकायमा जे नाम राखेर दर्ता गरिएको छ सोही नाम लेख्नुपर्दछ। यदि कुनै निकायमा दर्ता नगरिएको भए साइनबोर्डमा जे नाम लेखिएको छ सोही नाम लेख्नुपर्दछ। दर्ता र साइनबोर्ड नभएको अवस्थामा व्यवसायले प्रयोग गर्ने रसिद वा छाप वा लेटर प्याड आदिमा जे नाम उल्लेख गरिएको छ सोही नाम लेख्नुपर्दछ । दर्ता नभएको, साइनबोर्ड वा रसिद वा छाप वा लेटर प्याड पनि नभएका फर्म/व्यवसायको नाम लेख्दा भने व्यवसायी/मुख्य कृषकको नाम नै लेख्नुपर्दछ। फर्मको नाम एकपटक वा पटकपटक बदल्ने गरिएको पाइएमा पछिल्लोपटक जे नयाँ नाम राखिएको छ सोही नाम नै उल्लेख गनुपर्दछ।

फर्म/व्यवसायीको नाम उल्लेख गरिसकेपछि फर्म/व्यवसायीको फोन नम्बर दिइएको कोठामा स्पष्टसँग फोन नम्बर लेख्नुपर्दछ।

१.७ प्रमुख सञ्चालक/व्यवसायीको नाम

कुखुरापालन व्यवसायको प्रमुख सञ्चालनकर्ता/व्यवसायीको नाम यहाँ लेख्नुपर्दछ । प्रमुख सञ्चालक/ व्यवसायी एकजना मात्र भए निजको नाम र एकभन्दा बढी सञ्चालक/व्यवसायीहरू रहेको अवस्थामा तिनीहरूमध्ये प्रमुख सञ्चालक/व्यवसायीको नाम लेख्नुपर्दछ।

१.८ उत्तरदाताको नाम

सर्वेक्षणमा सोधिएका प्रश्नको जवाफ दिने व्यक्तिलाई उत्तरदाता भनिन्छ। विवरण संकलन गर्दा प्रमुख संचालक/व्यवसायीसँग सोधी संकलन गर्नुपर्दछ। कुनै कारणले प्रमुख संचालक/व्यवसायी भेट नहुने भएमा सबै विवरण राम्रोसँग दिन सक्ने व्यवसायी/कृषकको परिवारको अर्को सदस्य वा कर्मचारीसँग सोधी प्रश्नावलीमा रहेका विवरण भर्नुपर्दछ। यसरी उत्तरदिने उत्तरदाताको नाम यहाँ लेख्नुपर्दछ।

द्रष्टव्यः परिचयात्मक विवरणको अन्तिममा गणकको नाम, गणकको सही र गणना मिति तथा सुपरिवेक्षकको नाम, सुपरिवेक्षकको सही र सुपरिवेक्षण मिति अनिवार्य रूपले उल्लेख गर्नुपर्दछ।

खण्ड २ : सञ्चालन सम्बन्धी विवरण

२.१ यो फर्म कुनै सरकारी निकायमा दर्ता गर्नुभएको छ ?

यस प्रश्नबाट कुखुरापालन व्यवसाय कुनै सरकारी निकायमा दर्ता भएको वा नभएको बुझ्न खोजिएको हो ।नेपालमा कुखुरापालन व्यवसाय दुई किसिमबाट सञ्चालन हुँदै आएका छन् । पहिलो दर्ता गरेर र दोस्रो दर्ता नगरकन । व्यवसाय सञ्चालन गर्नुअघि वा सञ्चालन भैसकेपछि उक्त व्यवसाय संघ, प्रदेश वा स्थानीय तह अन्तर्गतको कुनै पनि सरकारी निकायमा दर्ता भएको भए १ मा गोलो घेरा लगाउनु पर्दछ । यदि कुनै पनि सरकारी निकायमा दर्ता नभएको भए २ मा गोलो घेरा लगाई प्रश्न नं.२.३ मा जानुपर्दछ । सरकारी निकायबाहेक अन्य कुनै गैरसरकारी संस्था जस्तै कुखुरा व्यावसायी संघमा आवद्ध भएका व्यवसायलाइ सरकारी निकायमा दर्ता भएको मान्नुहुदैन् ।

२.२ दर्ता गरेको सरकारी निकाय (बहुउत्तर सम्भव छ)

कुनै सरकारी निकायमा दर्ता गरी सञ्चालनमा रहेका फर्म कुन सरकारी निकायमा दर्ता भई सञ्चालित हो सोलाई जनाउने कोडमा गोलो घेरा लगाउनु पर्दछ । स्थानीय तह भए कोड १ मा, प्रदेश अन्तर्गतका पशुसेवा कार्यालय भए कोड २ मा, घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति/उद्योग तथा वाणिज्य कार्यालय भए कोड ३ मा, कम्पनी रजिष्ट्रारको कार्यालय भए कोड ४ मा र यी बाहेक अन्य कुनै सरकारी निकायमा दर्ता गरेका भए अन्यको कोड ५ मा गोलो घेरा लगाई सो निकायको नाम खुलाउनुपर्दछ । एक वा एकभन्दा बढी निकायमा दर्ता भएको आएमा सोहीअनुसार एक वा एकभन्दा बढी निकायलाई जनाउने कोडमा गोलो घेरा लगाउनुपर्दछ ।

२.३ फर्म सञ्चालन वर्ष (विक्रम सम्वत्मा):

कुखुरापालन व्यवसायी/कृषकले व्यवसाय कुन साल (विक्रम सम्वत्) देखि सुरु गरेको हो सोही साल यहाँ लेख्नुपर्छ । यदि फर्म वा कुखुरापालन व्यवसाय कुनै समय बन्द भई फेरि केही समयपछि सञ्चालनमा आएको रहेछ भने पछिल्लो पटक सञ्चालन गर्दाको साल नै उल्लेख गर्नुपर्दछ । यदि फर्मले अर्कै व्यक्ति वा संस्थासँग खरिद गरी सञ्चालन गरिरहेको रहेछ भने निजले खरिद कुन सालमा गरेको हो, सोही साल उल्लेख गर्नुपर्दछ ।

२.४ यो फर्मको वैधानिक स्थिति कुन हो ?

कुनैपनि व्यवसाय स्थापना एवं सञ्चालन गर्दा एउटा निश्चित व्यवस्थापन पद्धतिमा रहेर वा कानुनी आधारमा टेकेर स्थापना गर्नुपर्ने हुन्छ । सोही पद्धति वा कानुनी आधारलाई यहाँ वैधानिक स्थिति भनिएको छ । व्यावसायिक कुखुरापालन सर्वेक्षण २०८१ मा वैधानिक स्थितिलाई ६ वर्गमा विभाजन गरिएको छ । सम्बन्धित व्यवसायको जुन वैधानिक स्थिति हो यहाँ सोलाई जनाउने उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्दछ ।

१. व्यक्तिगत

कुनै एक व्यक्तिले एकलौटी रूपमा आफ्नो पुँजी लगानी गरी नाफा नोक्सानी आफैले व्यहोर्ने गरी सञ्चालन गरिएका कुखुरापालन व्यवसायहरूको वैधानिक स्थिति व्यक्तिगत मानिन्छ।

२. साझेदारी

दुई वा दुईभन्दा बढी व्यक्तिहरूले संयुक्त रूपमा कम, बढी वा समान पुँजी लगानी गरी नाफा नोक्सानी सोही अनुपातमा व्यहोर्ने गरी सञ्चालन गरिएको कुखुरापालन व्यवसायको वैधानिक स्थिति साझेदारी मानिन्छ।

३. प्राइभेट लिमिटेड

"प्राइभेट लिमिटेड" भन्नाले व्यावसायको शेयर र डेबेन्चर शेयरवाला बाहेक अन्यले खरिद बिक्री गर्न नपाउने गरी बढीमा ५० जनासम्म मिलेर कम्पनी ऐन, २०६३ अनुसार स्थापित भएको व्यवसायलाई सम्झनुपर्दछ । यस्ता व्यवसायको नामको पछाडी "प्राइभेट लिमिटेड" वा "प्रा.लि." भन्ने शब्द जोडिएको हुन्छ। यदि कुनै कुखुरापालन व्यवसायको वैधानिक स्थिति प्राइभेट लिमिटेड भन्ने आएमा ३ मा गोलो घेरा लगाई प्रश्न नं. २.५ देखि २.८ सम्मका प्रश्नहरु नसोधी प्रश्न नं. २.९ देखिका प्रश्नहरु सोध्नु पर्दछ।

४. पब्लिक लिमिटेड

व्यवसायको हिस्सा सर्वसाधारण जसले पनि खरिद बिक्री गर्न र व्यवस्थापनको मञ्जुरी नलिईकन पनि एक अर्काको नाममा आफ्नो हिस्सा नामसारी गर्न पाइने कम्पनी ऐन २०६३ बमोजिम कम्तीमा सात जना मिलेर खोलेको व्यवसायको वैधानिक स्थिति पब्लिक लिमिटेड मानिन्छ। यस्ता व्यावसायको नामको पछाडी "लिमिटेड" वा "लि." भन्ने शव्द जोडिएको हुन्छ। यदि कुनै कुखुरापालन व्यवसायको वैधानिक स्थिति पब्लिक लिमिटेड भन्ने आएमा ४ मा गोलो घेरा लगाई प्रश्न नं. २.५ देखि २.८

सम्मका प्रश्नहरु नसोधी प्रश्न नं. २.९ देखिका प्रश्नहरु सोध्नुपर्दछ।

५. सरकारी

सरकारी भन्नाले संघ, प्रदेश वा स्थानीय तहको पूर्ण लगानीमा सञ्चालित वा विदेशी संस्थाद्वारा स्थापना भई सरकारको पूर्ण स्वमित्व हुने गरी हस्तान्तरण गरिएका व्यवसायको वैधानिक स्थिति सरकारी मानिन्छ । यदि कुनै कुखुरापालन व्यवसायको वैधानिक स्थिति सरकारी भन्ने आएमा ५ मा गोलो घेरा लगाई प्रश्न नं. २.५ देखि २.८ सम्मका प्रश्न नसोधी प्रश्न नं. २.९ देखिका प्रश्नहरु सोध्नु पर्दछ।

६. अन्य (खुलाउने)

माथि उल्लिखित वैधानिक स्थिती वा कानुनी आधारबाहेक अरू कुनै प्रकारले सञ्चालित व्यवसायको वैधानिक स्थिति अन्य मानिन्छ। यदि कुनै कुखुरापालन व्यवसायको वैधानिक स्थिति अन्य भन्ने आएमा ६ मा गोलो घेरा लगाई सो वैधानिक स्थिति खुलाइ प्रश्न नं. २.५ देखि २.८ सम्मका प्रश्न नसोधी प्रश्न नं. २.९ देखिका प्रश्नहरु सोध्नु पर्दछ ।

२.५ प्रमुख सञ्चालक/व्यवसायीको लिङ्ग

प्रश्न १.७ मा उल्लिखित प्रमुख सञ्चालक/व्यवसायी पुरुष भए १ र महिला भए २ कोड दिइएको कोठामा लेख्नुपर्दछ ।

२.६ प्रमुख सञ्चालक/व्यवसायीको उमेर

प्रश्न नं. १.७ मा उल्लिखित प्रमुख सञ्चालक/व्यवसायीको पुरा भएको उमेर दिइएको कोठामा लेख्नुपर्दछ । उदाहरणको लागि कुनै सञ्चालक/व्यवसायीको उमेर ४५ वर्ष ११ महिना भए पनि ४५ वर्ष नै लेख्नुपर्दछ ।

२.७ प्रमुख सञ्चालक/व्यवसायीको शैक्षिक योग्यता

प्रश्न नं. १.७ मा उल्लिखित कुखुरापालन व्यवसाय सञ्चालन गर्ने प्रमुख सञ्चालक/व्यवसायीको शैक्षिक योग्यता सोधी खाली ठाउँमा लेखेर शैक्षिक योग्यताको कोड दाहिने तिरको कोठामा लेख्नुपर्दछ । यसरी उत्तीर्ण गरेको तह लेख्दा सम्बन्धित व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक योग्यताको सबैभन्दा माथिल्लो तहको कोड लेख्नुपर्दछ, अध्ययन गरिरहेको तह लेख्नुहुँदैन ।शैक्षिक योग्यताको कोड अनुसूची ३ मा दिइएको छ ।

२.८ प्रमुख सञ्चालक/व्यवसायीको जात/जाति

प्रश्न नं. १.७ मा उल्लिखित कुखुरापालन व्यवसाय सञ्चालन गर्ने प्रमुख सञ्चालक/व्यवसायी को जात/जति के हो सोधी यस महलमा सो जात/जातिको नाम लेखी अनुसूची ४ मा उल्लेख गरिए अनुसारको जात/जातिको कोड लेख्नुपर्दछ ।

२.९ यस फर्मको मुख्य उत्पादन के हो ?

नेपालमा कुखुरापालन व्यवसाय मुलतः कुखुरा (मासु) वा अण्डा वा चल्ला उत्पादन गर्ने उद्देश्यका साथ स्थापना भई सञ्चालनमा रहेका हुन्छन् । मासु वा अण्डा वा चल्लामध्ये मुख्य रूपमा के उत्पादन गर्न सो व्यवसाय स्थापना गरिएको हो, सोही अनुसारको उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्दछ ।यदि प्रमुख उत्पादन मासु भए कोड १ मा, अण्डा भए कोड २ मा र चल्ला भए कोड ३ मा गोलो घेरा लगाउनुपर्छ ।मासु भन्नाले मासु प्रयोजनका लागि पालिएका कुखुराको उत्पादन भन्ने बुझ्नुपर्दछ । अर्थात् ब्रोइलर पालेको भएमा कुखुरा (मासु), लेयर्स पाल्ने भएमा अण्डा र ह्याचरीमा प्यारेन्ट कुखुरा पाल्ने भएमा चल्ला उत्पादन भन्ने बुझ्नुपर्दछ ।

सन्दर्भ अवधिमा छनोटमा परेको कुखुरापालन व्यवसायले उत्पादन गरेको वस्तु एउटा मात्र भए सोही वस्तु नै प्रमुख उत्पादित वस्तु हो । दुई वा दुईभन्दा बढी वस्तुहरू उत्पादन गर्ने भए मात्र प्रमुख उत्पादन कुन हो भनी छुट्याउनु पर्ने प्रश्न खडा हुन्छ । फर्मले एकभन्दा बढी उत्पादन गरिरहेको अवस्थामा "मुख्य उत्पादन" केलाई मान्ने भनि द्विविधा भएको अवस्थामा सन्दर्भ अवधिमा "आम्दानीको हिसाबले सबैभन्दा बढी आर्जन हुने अर्थात् जुन उत्पादित वस्तुको कुल वार्षिक परिमाणको मूल्य बढी हुन्छ सोही उत्पादित वस्तुलाई" मुख्य उत्पादन मानी सोही बमोजिम विवरणहरू उल्लेख गर्नुपर्दछ ।वस्तु भन्नाले मासु वा अण्डा वा चल्लामध्ये कुनै एकलाई जनाउँछ ।

खण्ड ३ : रोजगारी

यस शीर्षकअन्तर्गत फर्म वा व्यवसायमा कार्यरत व्यवसायी तथा सक्रिय साझेदार, परिवारका सदस्य वा अन्य व्यक्ति, निर्देशक तथा प्रबन्धकहरु, नियमित कर्मचारी (निर्देशक तथा प्रबन्धक बाहेक), अस्थायी कामदारहरु र अन्य संस्थाबाट संस्थागत करार गरिएका कर्मचारीहरुले कुखुरापालन व्यवसायमा काम गरेवापत नियमानुसार नगदी वा जिन्सी तलब, ज्याला, पारिश्रमिक पाउने वा वेतलवी जुनसुकै किसिमले काम गरेको भए तापनि तिनीहरुको संख्या लिङ्गअनुसार छुट्याई सम्वन्धित महलमा लेख्नुपर्दछ । कर्मचारीको संख्या उल्लेख गर्दा प्रश्नावली भर्दाको दिन कुखुरापालन व्यवसायमा संलग्न व्यक्तिहरुको संख्या उल्लेख गर्नुपर्दछ । छोटो अवधिको बिदा, बिरामी बिदा, सत्केरी बिदा आदि लिई वसेको व्यक्तिलाई पनि कर्मचारीको संख्यामा उल्लेख गर्नुपर्दछ ।घरायसी कामदारहरु र कमिसन मात्र प्राप्त गर्ने ब्यक्तिहरुलाई भने यहाँ समावेश गर्नु हुदैंन । यसको अतिरिक्त भैपरी आउने कामका लागि दैनिक ज्यालामा लगाईएका कामदार पनि यहाँ उल्लेख गर्नुहुँदैन ।

महल १ क्र. सं.

यो सिलसिलेवार नम्वर हो ।

महल २, ३ र ४

महल २ मा कुखुरापालन व्यवसायमा व्यक्तिहरु कुन प्रकारले संलग्न भएका छन् भन्ने जान्न खोजीएको छ भने महल ३ र महल ४ मा व्यवसायमा संलग्न व्यक्तिहरु पुरुष वा महिला के हुन भन्ने विवरण संकलन गर्न खोजिएको छ ।

रोजगारीका आधारमा संलग्न व्यक्ति तथा कर्मचारीहरुलाई निम्नअनुसार वर्गीकरण गरिएको छ जसको परिभाषा निम्नानुसार छः

बेतलवी: यसअन्तर्गत पारिश्रमिक नलिई व्यवसायमा कार्यरत सञ्चालक तथा सक्रिय साझेदार र पारिवारका सदस्य वा अन्य व्यक्तिहरु पर्दछन् । कुनै पनि प्रकारको पारिश्रमिक तथा सुविधा नलिई हप्ताको कम्तीमा १६ घण्टा (साधारण काम गरिने समयको एक तिहाई) समय व्यवसायमा कार्यरतलाई यस अन्तर्गत राख्नुपर्दछ ।

सञ्चालक तथा सक्रिय साझेदारः

"सञ्चालक तथा सक्रिय साझेदार" भन्नाले पारिश्रमिक नलिईकन कुखुरापालन व्यवसायमा सक्रियरुपले संलग्न रहने सञ्चालक तथा साझेदारहरुलाई सम्झनुपर्दछ । यदि कार्यरत सञ्चालक तथा सक्रिय साझेदारहरुले मासिक वा वार्षिक रुपमा तलब/ज्यालाको रुपमा निश्चित रकम प्राप्त गर्दछन भने उनीहरुलाई यसअन्तर्गत राख्नु हुँदैन उनीहरुलाई कार्यरत रोजगार व्यक्तिअन्तर्गत जुन हैसियतमा काम गरेको हो सोहीमा राख्नु पर्दछ ।कार्यरत सञ्चालक तथा सक्रिय साझेदारहरुको संख्या लिङ्ग अनुसार पुरुषको संख्या महल ३ र महिलाको संख्या महल ४ मा उल्लेख गर्नुपर्दछ ।पारिश्रमिक नलिकन व्यवसायमा कार्यरत सञ्चालक तथा सक्रिय साझेदारका लागि महल ५ र महल ६ को विवरण भर्नु पर्दैन ।

पारिवारका सदस्य वा अन्य व्यक्तिः

"पारिवारका सदस्य वा अन्य व्यक्ति" भन्नाले पारिश्रमिक नलिईकन कुखुरापालन व्यवसायमा सक्रिय रुपले संलग्न रहने पारिवारका सदस्य वा अन्य व्यक्ति सम्झनुपर्दछ ।पारिश्रमिक नलिइ परिवारका सदस्य वा अन्य व्यक्तिहरु कुखुरापालन व्यवसायमा संलग्न भएका रहेछन् भने त्यस्ता कर्मचारीहरु संख्या लिङ्गअनुसार पुरुषको संख्या महल ३ र महिलाको संख्या महल ४ मा उल्लेख गर्नुपर्दछ । यदि परिवारका सदस्यले पारिश्रमिक तथा अन्य सुविधा मासिक वा वार्षिक रुपमा लिने गरेको भए कार्यरत रोजगार व्यक्तिहरु अन्तर्गत जुन हैसियतमा काम गरेको हो सोही अनुसारको उपयुक्त विवरण संलग्न गर्नु पर्दछ । पारिश्रमिक नलिइ व्यवसायमा कार्यरत पारिवारका सदस्य वा अन्य व्यक्तिहरुका लागि महल ५ र महल ६ को विवरण भर्नुपर्दैन ।

बेतलबी व्यक्तिहरुको जम्मा संख्याः यसमा बेतलवी सञ्चालक तथा सक्रिय साझेदार र बेतलबी पारिवारका सदस्यहरुको संख्या जोडी पुरुषको जम्मा संख्या महल ३ मा र महिलाको जम्मा संख्या महल ४ मा उल्लेख गर्नुपर्दछ ।

तलबीः यस अन्तर्गत व्यावसायमा कार्य गरे वापत कुनै व्यक्तिले काम गरे वापत नगद वा जिन्सी पारिश्रमिकको रुपमा प्राप्त गर्दछ भने त्यस्ता व्यक्तिहरु यस अन्तर्गत पर्दछन् । यसमा निर्देशक तथा प्रबन्धकहरु, नियमित कर्मचारी (निर्देशक तथा प्रबन्धक बाहेक), अस्थायी कामदारहरु र अन्य संस्थाबाट संस्थागत करार गरिएका कर्मचारीहरु पर्दछन् ।

निर्देशक तथा प्रबन्धक

निर्देशक तथा प्रबन्धक भन्नाले कुखुरापालन व्यवसायको मुख्य जिम्मेवारी वा अधिकार प्रयोग गर्ने पदमा रहेको व्यक्ति सम्झनुपर्दछ । त्यस्ता कर्मचारीहरुको संख्या लिङ्गअनुसार महल ३ र महल ४ मा उल्लेख गर्नुपर्दछ ।कार्यरत निर्देशक तथा प्रबन्धकहरुको संख्या जोडी पुरुषको जम्मा महल ३ मा र महिलाको जम्मा संख्या महल ४ मा उल्लेख गर्नुपर्दछ ।

नियमित कर्मचारीहरु (निर्देशक तथा प्रबन्धक बाहेक)

कुखुरापालन व्यवसायको प्रशासन सम्बन्धी कार्य गर्ने, लेखा राख्ने तथा व्यवस्थापनसँग संलग्न रहेका कर्मचारीहरु, नियमित प्राविधिक कर्मचारीहरु तथा उत्पादनशील कर्मचारीहरु, सुरक्षागार्ड आदि व्यवसायकै तलबी भर्पाइ (Payroll) बाट तलब पाउने गरिएका ६ महिना वा सोभन्दा बढी अवधिदेखि अविच्छिन्न रुपमा कार्यरत कर्मचारीहरु यस अन्तर्गत पर्दछन् । त्यस्ता कर्मचारीहरुको संख्या लिङ्ग अनुसार महल ३ र महल ४ मा उल्लेख गर्नुपर्दछ । नियमित कर्मचारीहरु संख्या जोडी पुरुषको जम्मा महल ३ मा र महिलाको जम्मा संख्या महल ४ मा उल्लेख गर्नुपर्दछ ।

अस्थायी कामदारहरु

यस अन्तर्गत ६ महिना भन्दा कम समयका लागि कुखुरापालन व्यवसायकै तलबी भर्पाइ (Payroll) बाट तलब पाउने कर्मचारीहरु पर्दछन् । अन्य संस्थाबाट भर्ना गरिएका कर्मचारीहरु यसमा पर्दैनन् । त्यस्ता कर्मचारीहरुको संख्या लिङ्गअनुसार महल ३ र महल ४ मा उल्लेख गर्नुपर्दछ ।अस्थायी कामदारहरुको संख्या जोडी पुरुषको जम्मा महन ३ मा र महिलाको जम्मा संख्या महल ४ मा उल्लेख गर्नुपर्दछ ।

अन्य संस्थाबाट संस्थागत करार गरिएका कर्मचारी

कुखुरापालन व्यवसायको तलबी भर्पाइ (Payroll) बाट तलब पाउने नियमित तलबी कर्मचारी बाहेक संस्थागत करार गरी अन्य कम्पनी वा संस्थाहरुबाट लिएका कर्मचारीहरु यस अन्तर्गत पर्दछन् जस्तै संस्थागत करारमा लिएका उत्पादनशील कर्मचारी, सुरक्षा गार्ड, सरसफाईका कर्मचारीहरु आदि। त्यस्ता कर्मचारीहरुको संख्या लिङ्ग अनुसार महल ३ र महल ४ मा उल्लेख गर्नुपर्दछ। अन्य संस्थाबाट संस्थागत करार गरिएका कर्मचारीको

संख्या जोडी पुरुषको जम्मा महल ३ मा र महिलाको जम्मा संख्या महल ४ मा उल्लेख गर्नुपर्दछ ।

महल ५ बार्षिक तलब र महल ६ भत्ता (चाडपर्व खर्च तथा अन्य सुविधासहित बार्षिक रु.)

तलबः तलब भन्नाले कुखुरापालन व्यवसायमा काम गरेवापत कर्मचारीहरुले नियमानुसार पाउने नगद वा जिन्सी हो ।कर्मचारीहरुले काम गरेको प्रत्येक महिना वा तोकेको अवधि बमोजिम निश्चित समयमा तलब ज्याला पाउने गर्दछन् । तलब अन्तर्गत सञ्चय कोष थप, सामाजिक सुरक्षा कोष थप, कर्मचारीको जीवन बीमा समेत पर्दछन् ।

भत्ता (चाडपर्व खर्च तथा अन्य सुविधासहित)

कुखुरापालन व्यवसायमा कार्यरत रोजगार व्यक्तिहरुलाई रोजगारदाताले तलब ज्याला, सञ्चयकोष थप, सामाजिक सुरक्षा कोष थप, जीवन बीमाका अतिरिक्त अन्य सुविधाहरु पनि दिएको हुनसक्दछ ।कर्मचारीहरुलाई तलब ज्याला, सञ्चयकोष, सामाजिक सुरक्षा कोष, जीवन बीमावाहेक दिइएका अन्य सवै नगदी वा जिन्सी भुक्तानीलाई अन्य सुविधामा समावेश गर्नुपर्दछ ।जस्तैः कर्मचारीलाई दिइएको आवास सुविधा, लत्ताकपडा सुविधा, जिन्सी सुविधा, उपचार सुविधा, सवारी साधन सुविधा, कर्मचारी दुर्घटना बीमा, उपदान, बच्चाहरुलाई दिइएको शैक्षिक खर्च, चाडवाड खर्च, आदि सुविधाहरुमा भएको खर्च, भत्ता अन्तर्गतको महलमा राख्नुपर्दछ ।

निर्देशक तथा प्रबन्धकहरु, नियमित कर्मचारी (निर्देशक तथा प्रबन्धक बाहेक), अस्थायी कामदारहरु र अन्य संस्थाबाट संस्थागत कारार गरिएका कर्मचारीले पाएको बार्षिक तलब जोडी एकमुष्ट महल ५ मा र बार्षिक भत्ता वापतको रकम जोडी गरी महल ६ मा लेख्नुपर्दछ ।

यसै गरी निर्देशक तथा प्रबन्धकहरु, नियमित कर्मचारी (निर्देशक तथा प्रबन्धक बाहेक), अस्थायी कामदारहरु र अन्य संस्थाबाट संस्थागत करार गरिएका कर्मचारीले पाएको बार्षिक तलब रकम एकमुष्ट सम्बन्धित लहरको महल ५ र बार्षिक भत्ता वापतको रकम एकमुष्ट सम्बन्धित लहरको महल ६ मा लेख्नुपर्दछ।

खण्ड ४ : फर्ममा रहेका कुखुराको किसिम र संख्या

यस खण्डमा गणनाको दिन फर्ममा रहेका कुखुराको किसिमअनुसार संख्या, चल्ला खरिद गरिएको स्रोत, कुखुरा/अण्डा बिक्री तथा कुखुरामा कुन कुन रोगका लागि भ्याक्सिन/औषधी प्रयोग गरियो भन्ने जस्ता विवरणहरु संकलन गरिन्छ ।

४.१ फर्ममा रहेका ब्रोइलर, लेयर्स, कोइलर तथा गिरिराज कुखुरासम्बन्धी विवरण (ह्याचरी बाहेक अन्य फर्मबाट मात्र विवरण संकलन गर्ने)

प्रश्नावलीको यो भाग कुखुरा (मासु) तथा अण्डा उत्पादन गर्ने उद्देश्यले कुखुरापालन व्यवसाय सञ्चालन गर्ने व्यवसायीसँग मात्र सम्बन्धित छ ।

महल १ क्रम संख्याः यो सिलसिलेबार नम्बर हो ।

महल २ (गणनाको दिन फर्ममा रहेका कुखुराको किसिम)

यस महलमा कुखुरा (मासु) तथा अण्डा उत्पादनका लागि व्यावसायिक रुपमा पालिने कुखुराका विभिन्न किसिम वा जातहरु (ब्रोइलर, लेयर्स, कोइलर, गिरिराज र अन्य जात) लेखिएका छन्। यी विभिन्न जातको परिभाषा यसप्रकार छ ।

ब्रोइलरः ब्रोइलर कुखुराहरु नेपालका विभिन्न स्थानमा सानो तथा ठुलो परिमाणमा व्यावसायिक रुपमा पालिँदै आएका छन् । ब्रोइलर कुखुरा मुख्यतया मासुको लागि पालिन्छ । यी कुखुराहरुको शारीरिक बृद्धि असाध्यै छिटो हुने हुँदा यसलाई साधारणतया ४०-४५ दिनसम्म पालेर बेचिन्छ । यस अवधिमा यी कुखुराको सामान्यतया तौल १.५ देखि २.५ के.जी.सम्म हुने गर्छ । यस्तो उमेरको ब्रोइलरको मासु नरम तथा कलिलो हुन्छ । ब्रोइलर कुखुराको केही जातहरु यस प्रकारका छन् : मासेल, कव १००, कव ५००, कसिला, हाईब्रो, रोस आदि ।

लेयर्सः अण्डा उत्पादनको लागि पालिने कुखुराहरुलाई लेयर्स भनिन्छ । लेयर्स कुखुराहरु नेपालका विभिन्न स्थानमा सानो तथा ठुलो परिमाणमा व्यावसायिक रुपमा पालिँदै आएका छन् । यो कुखुरा व्यवस्थित रुपमा पालन गरिएको अवस्थामा सामान्यतः १८ देखि २० हप्ताको उमेरमा अण्डा पार्न सुरु गरी ७० हप्ताको उमेरसम्म अण्डा पार्दछन् । यिनीहरुको सरदर अण्डा उत्पादन ३१० वटा

प्रति कुखुरा रहेको पाइएको छ । लेयर्स कुखुराको केही जातहरु यस प्रकारका छन् : कि-स्टोन, व्यवकक, ल्होमेन, हाईलाइन आदि ।

गिरिराज /कोइलरः यो अण्डा र मासु दुवैको लागि पालिने विशेष किसिमको कुखुरा हो । यसलाई खास गरी छाडा छोडेर वा अर्ध छाडा छोडी पाल्ने गरिन्छ । यो कुखुरा अरुभन्दा रोग विरुद्ध लड्न सक्ने र गाउँघरमा पाइने घाँस, सागपात र अन्य खेर गएको दाना खाएर पनि अण्डा, मासु राम्ररी दिनसक्ने कुखुरा हो ।

अन्यः माथि उल्लिखित कुखुराका किसिम बाहेक अन्य प्रकारका कुखुरा यस अन्तर्गत पर्दछन। जस्तैः काठमाडौं लोकल, अष्टलोप, न्युह्याम्पसायर आदि ।

महल ३ (गणनाको दिन फर्ममा रहेका कुखुराको संख्या)

गणनाको दिन फर्ममा रहेका जम्मा जम्मी कुखुराको (माउ/चल्ला) संख्या महल २ मा उल्लेख भएका कुखुराको किसिम वा जातअनुसार छुट्टाछुट्टै यस महलमा लेख्नुपर्दछ ।

महल ४ (फर्मले चल्ला कहाँबाट किन्ने गरेको छ ?)

यस महलमा फर्ममा पालिएका कुखुराका चल्ला कहाँबाट किनिएको हो, सोधी स्वदेशमै किनेको भए कोड १, विदेशबाट आयात गरेको भए २ र स्वदेश र विदेश दुवैबाट किनेको भए ३ मा गोलो घेरा लगाउनु पर्दछ । विचार पुर्‍याउनु पर्ने कुरा के छ भने हाल कुखुरापालनका लागि ब्रोइलर तथा लेयर्स किसिमका चल्ला नेपालमै उत्पादन हुने भए तापनि तराईका सीमावर्ती जिल्लाहरुमा भारतबाट सिधै चल्ला ल्याई पाल्ने गरेको पाइन्छ । यस्तो अवस्थामा पनि चल्ला किनिएको स्रोतमा विदेश नै हुने हुँदा कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

महल ५ (फर्मले मुख्य रूपमा कुखुरा/अण्डा कसलाई बिक्री गर्दछ ?)

फर्ममा उत्पादित कुखुरा र अण्डा थोक बिक्रेतालाई बिक्री गर्ने गरेको भए कोड १ मा गोलो घेरा लगाउनुपर्दछ । यसैगरी कुखुरा र अण्डा खुद्रा बिक्रेतालाई बेच्ने भए २ मा र उपभोक्तालाई बेच्ने भए ३ मा गोलो घेरा लगाउनुपर्दछ ।

महल ६ (फर्मले कुखुरामा कुनकुन रोगका लागि भ्याक्सिन/औषधि प्रयोग गरेको थियो ?)

कुखुरा पाल्दा विभिन्न रोगविरुद्ध भ्याक्सिन/औषधिको प्रयोग भएको हुनसक्छ। कुन कुन रोग विरुद्ध भ्याक्सिन/औषधि प्रयोग गरिएको हो सोको आधारमा सम्बन्धित रोगलाई जनाउँने कोडमा गोलो घेरा

लगाउनुपर्दछ। जस्तैः रानीखेत विरुद्ध भ्याक्सिनको प्रयोग भएको भए कोड १ मा गोलो घेरा लगाउनुपर्दछ। यसरी नै गम्बोरो रोग भए २ मा, मेरेक्स भए ३ मा, कक्सिडियोसिस भए ४ मा, ईन्फेक्सियस ब्रोन्काईटिस भए ५ मा, लिचि भए ६ मा र सोबाहेक अन्य सालमेनेला/फव्लपक्स/एगड्रपसिन्ड्रम/कोलिबेसीलोसिस जस्ता कुनै रोगविरुद्ध खोपको प्रयोग भएको भए रोगको नाम खुलाई अन्यको कोड ६ मा गोलो घेरा लगाउनुपर्दछ । यस महलमा एकभन्दा बढी उत्तर आएमा तत् तत् रोगहरुलाई जनाउँने कोडमा गोलो घेरा लगाउनुपर्दछ अर्थात् यसमा बहुउत्तर सम्भव छ।

४.२ ह्याचरीमा रहेका प्यारेन्ट कुखुराको विवरण (ह्याचरीबाट मात्र विवरण संकलन गर्ने)

प्रश्नावलीको यो भाग ह्याचरीसँग मात्र सम्बन्धित छ ।

महल १ (गणनाको दिन ह्याचरीमा रहेका कुखुराको किसिम)

यस महलमा चल्ला उत्पादनका लागि व्यावसायिक रुपमा पालिने प्यारेन्ट कुखुराका विभिन्न किसिमहरु जस्तै प्यारेन्ट (ब्रोइलर), प्यारेन्ट (लेयर्स), ग्राण्ड प्यारेन्ट लेखिएको छ । यी कुखुराको किसिमको परिभाषा यसप्रकार छ ।

प्यारेन्ट (ब्रोइलर) : ब्रोइलर कुखुराका चल्ला उत्पादन गर्नका लागि पालिएका प्यारेन्टहरु यस अन्तर्गत पर्दछन्।

प्यारेन्ट (लेयर्स) : लेयर्स कुखुराका चल्ला उत्पादन गर्नका लागि पालिएको प्यारेन्टहरु यस अन्तर्गत पर्दछन्।

ग्राण्ड प्यारेन्ट : प्यारेन्ट कुखुरा उत्पादन गर्न पालिएका कुखुराहरु यस अन्तर्गत पर्दछन्।

महल २ (गणनाको दिन ह्याचरी फर्ममा रहेका कुखुराको संख्या)

गणनाको दिन फर्ममा रहेका जम्मा जम्मी प्यारेन्ट कुखुराको (साना/ठूला) संख्या महल २ मा उल्लेख भएका कुखुराको किसिम वा जात अनुसार छुट्टाछुट्टै यस महलमा लेख्नुपर्दछ ।

महल ३ (ह्याचरी फर्मले प्यारेन्ट चल्ला कुन देशबाट किन्ने गरेको छ ?)

यस महलमा ह्याचरीमा पालिएका प्यारेन्ट कुखुराका चल्ला कुन देशबाट आयात गरिएको हो सोधी देशको नाम यहाँ लेख्नुपर्दछ । सामान्यतया प्यारेन्ट कुखुराको लागि चल्ला अमेरिका, फ्रान्स, हङ्गेरी, भारत आदि देशबाट आयात गर्ने गरिन्छ ।

महल ४ (ह्याचरी फर्मले मुख्यरुपमा चल्ला कसलाई बिक्री गर्दछ ?)

यस महलमा ह्याचरीले उत्पादन गरेका चल्लाहरु थोक व्यापारीलाई बिक्री गर्ने गेरेको भए कोड १ मा, खुद्रा व्यापारीलाई बिक्री गर्ने गरेको भए कोड २ मा, सिधै कुखुरापालक व्यवसायीलाई बिक्री गर्ने गरेको भए कोड ३ मा गोलो घेरा लगाउनुपर्दछ । थोक व्यापारी भन्नाले दाना तथा चल्ला सप्लाई गर्ने ठूला डिलर तथा एग्रोभेट भन्ने बुझ्नुपर्दछ । त्यसै गरी खुद्रा व्यापारी भन्नाले दाना तथा चल्ला सप्लाई गर्ने सवडिलर भन्ने बुझ्नुपर्दछ ।

यदि कुनै फर्मले आफ्नो उत्पादन मिश्रितरुपमा अर्थात् माथिका सबैलाई बिक्री गर्ने गरेको भएमा मूल्यको आधारमा सबभन्दा बढी जसलाई बिक्री गर्ने गरेको छ त्यस कोडमा गोलो घेरा लगाउनु पर्दछ ।

महल ५ (ह्याचरी फर्मले प्यारेन्ट कुखुरामा कुन कुन रोगका लागि भ्याक्सिन/औषधी प्रयोग गरेको थियो ?)

प्यारेन्ट कुखुरा पाल्दा विभिन्न रोग विरुद्ध भ्याक्सिन/औषधिको प्रयोग भएको हुन सक्छ। कुन कुन रोगविरुद्ध भ्याक्सिन/औषधी दिइएको हो सोको आधारमा सम्बन्धित रोगलाई जनाउँने कोडमा गोलो घेरा लगाउनुपर्दछ। जस्तै रानीखेत विरुद्ध भ्याक्सिनको प्रयोग भएको भए कोड १ मा गोलो घेरा लगाउनुपर्दछ। यसरी नै गम्बोरो रोग भए कोड २ मा, मेरेक्स/लिकोसिस भए कोड ३ मा, कक्सिडियोसिस भए कोड ४ मा, सि.आर.डि. भए कोड ५ मा र सोबाहेक अन्य (सालमेनेला/फव्लपक्स/एगड्रपसिन्ड्रम ईनफेक्सियस ब्रोन्काईटिस/कोलिबेसीलोसिस) कुनै रोग विरुद्ध खोपको प्रयोग भएको भए रोगको नाम खुलाई अन्यको कोड ६ मा गोलो घेरा लगाउनुपर्दछ। यस महलमा एकभन्दा बढी उत्तर आएमा तत् तत् रोगहरुलाई जनाउने कोडमा गोलो घेरा लगाउनुपर्दछ अर्थात् यसमा बहुउत्तर सम्भव छ ।

खण्ड ५ : फर्मको उत्पादन तथा बिक्री

यस खण्डमा फर्मले कुखुरा (मासु), अण्डा तथा चल्ला उत्पादनका लागि पालिएका कुखुराको संख्या तथा मासु, अण्डा तथा चल्ला उत्पादनसम्बन्धी विवरण संकलन गरिन्छ। साथै सह-उत्पादनको रुपमा उत्पादित सुलीको विवरणसमेत यहाँ संकलन गरिन्छ ।

५.१ सन्दर्भ अवधिमा मासु उत्पादन तथा बिक्रीसम्बन्धी विवरण (ब्रोइलर, गिरिराज र कोइलर (ह्याचरी बाहेक अन्य फर्मबाट मात्र विवरण संकलन गर्ने))

यसअन्तर्गत फर्मले मासु प्रयोजनका लागि पालेका विभिन्न किसिमका कुखुरासम्बन्धी विवरण सोधी ती विवरणहरु सम्बन्धात महल तथा लहरहरुमा भर्नुपर्दछ । मासु उत्पादनका लागि खास गरी ब्रोइलर, गिरिराज र कोइलर किसिमका कुखुरा पाल्ने गरिन्छ ।

महल १ (सन्दर्भ अवधिमा पालिएको कुखुराको किसिम)

यस महलमा मासु उत्पादन प्रयोजनका लागि पालेका कुखुराको जात वा किसिम लेख्नुपर्दछ । यसरी कुखुराको किसिम लेख्दा ब्रोइलर पालिएको भएमा पहिलो लहरमा अनिवार्य रुपमा ब्रोइलर नै लेख्नुपर्दछ । यसरी पहिलो लहरमा ब्रोइलर लेखी त्यसको विवरण लिएपछि तलका लहरहरूमा मासु प्रयोजनका लागि पालिएका कुखुराका अन्य जात वा किसिमअनुसार विवरण लिनुपर्दछ ।

महल २ (सन्दर्भ अवधिमा पालिएको लट क्रमसंख्या)

यस महलमा सन्दर्भ अवधिमा फर्मले पालेका कुखुराहरुको लट नम्बर लेख्नुपर्दछ। विवरण लिँदा पहिलो लहरमा सधैं ब्रोइलरको विवरण लिइने र एउटै खोरमा १ वर्षको अवधिमा बढीमा ६ लटसम्म ब्रोइलर पाल्न सकिने भएका कारण लट अनुसार छुट्टाछुट्टै विवरण लिनका लागि लहरको व्यबस्था गरिएको छ । अतः ब्रोइलर कुखुराको हकमा लिइने सम्पूर्ण विवरण लट अनुसार छुट्टाछुट्टै लिनु पर्दछ ।

लट भन्नाले एकै मिति र समयमा ल्याई पालिएका सम्पूर्ण चल्लाहरुको समूहलाई बुझाउँदछ। उदाहरणका लागि कुनै एक व्यवसायीले एकपटकमा ७०० चल्ला ल्याई पालेको र दोस्रो पटक केही समयको अन्तरालमा अर्को ५०० चल्ला ल्याई पालेको भएमा पहिलो लटमा चल्ला संख्या ७०० र दोस्रो लटमा चल्ला संख्या ५०० भएको मानिन्छ ।

यदि उक्त फर्मले ब्रोइलरको साथै गिरिराज र कोइलर पनि मासुका लागि पालेको रहेछ भने ब्रोइलरको लट अनुसारको विवरण लिइसकेपछि मात्र गिरिराज र कोइलरको विवरण लिनुपर्दछ ।

महल ३ (सन्दर्भ अवधिमा पालिएको कुखुराको सुरुमा राखिएको चल्ला संख्या)

यस महलमा सन्दर्भ अवधिमा फर्मले पालेका कुखुराहरुको सुरुमा राखिएको चल्ला संख्या लट नम्बर अनुसार लेख्नुपर्दछ । सुरुमा राखिएको चल्ला संख्या लिँदा पहिलो लहरमा सधैं ब्रोइलरको विवरण लिइने र एउटै खोरमा १ वर्षको अवधिमा बढीमा ६ लटसम्म ब्रोइलर पाल्न सकिने भएका कारण लटअनुसार छुट्टाछुट्टै विवरण लिनका लागि यी लहरहरुको व्यबस्था गरिएको छ । अतः ब्रोइलर कुखुराको हकमा लिइने सम्पूर्ण विवरण लटअनुसार सुरुमा राखिएको चल्ला संख्या छुट्टाछुट्टै लिई भर्नु पर्दछ।

यदि उक्त फर्मले ब्रोइलरको साथै गिरिराज र कोइलर पनि मासुका लागि पालेको रहेछ भने ब्रोइलरको लट अनुसारको विवरण लिइसकेपछि मात्र गिरिराज र कोइलरको सुरुमा राखिएको चल्ला संख्या लेख्नुपर्दछ ।

महल ४ (मृत्यु संख्या)

यस महलमा फर्मले मासु प्रयोजनका लागि पालेका कुखुराको किसिम र लट अनुसार राखिएका चल्ला मध्ये कति संख्यामा ल्याएको थियो र पाल्ने क्रममा विभिन्न कारणले कति संख्यामा तिनको मृत्यु भयो उक्त संख्या सोधी लेख्नुपर्दछ।

महल ५ (बिक्री गर्दा कुखुराको उमेर, दिनमा)

यस महलमा फर्मले मासु प्रयोजनका लागि पालेका कुखुराहरु पालेको कति दिनपछि बिक्री गर्‍यो, सो दिन संख्या लट अनुसार छुट्टाछुट्टै लेख्नुपर्दछ । यदि एकै लटका कुखुरापनि एकै समयमा बिक्री नगरी पटक पटक बिक्री गरेको भएमा पटक अनुसारको दिन जोडी औसत दिन कायम गरी लेख्नुपर्दछ।

महल ६ (सन्दर्भ अवधिमा घरायसी उपभोग गरिएको कुखुरा संख्या)

यस महलमा किसिम र लट अनुसार सन्दर्भ अवधिमा घरायसी उपभोग गरिएको जम्मा कुखुरा संख्या लेख्नुपर्दछ। घरायसी उपभोग भन्नाले आफूले घरमा खाएको, आफ्ना नातागोता, इष्टमित्रहरुलाई उपहारस्वरुप दिइएको, कामदारलाइ दिएको वा कामदारले खाएको कुखुराहरुलाई बुझाउँदछ ।

महल ७ (सन्दर्भ अवधिमा बिक्री गरिएको कुखुरा संख्या)

यस महलमा किसिम र लट अनुसार सन्दर्भ अवधिमा बिक्री गरिएको जम्मा कुखुरा संख्या लेख्नुपर्दछ ।

महल ८ (सन्दर्भ अवधिमा कुखुरा बिक्रीबाट प्राप्त रकम रु.)

यस महलमा कुखुराको किसिम र लट अनुसार महल ७ मा उल्लिखित कुखुरा संख्या बिक्रीबाट जम्मा कति रकम प्राप्त भयो लेख्नुपर्दछ ।

महल ९ (जिउँदो बिक्री गर्दा प्रति कुखुरा औसत तौल के.जी.मा)

यस महलमा जिउँदै बिक्री गरिएका कुखुराहरुको लटअनुसार प्रतिकुखुरा औसत तौल कति थियो सोधी किलोग्राममा लेख्नुपर्दछ । एउटै लटको कुखुरा पनि पटकपटक बिक्री गरिएको हुनसक्छ यदि त्यसो भएमा पटक अनुसारको तौल र कुखुरा संख्या जोडी औसत तौल कायम गरी लेख्नुपर्दछ। कुखुराको तौल लेख्दा जिउँदो कुखुराको औसत तौल २ किलो ४०० ग्राम भएमा २.४ लेख्नुपर्दछ ।

महल १० (जिउँदो बिक्री गर्दा प्रति के.जी. कुखुराको औसत मूल्य रु.)

यस महलमा फर्मले जिउँदो कुखुरा बिक्री गर्दा सरदर प्रति किलोग्राम कति मूल्यमा बिक्री गरेको हो, सोधी प्रति किलोको मूल्य लेख्नुपर्दछ ।कुखुराको बिक्री मूल्य समय र लटअनुसार फरकफरक हुन सक्दछ । एकै लटका कुखुरा पनि एकै समयमा बिक्री नगरी पटकपटक बिक्री गरेको र मूल्य पटकैपिच्छे फरक भएमा पटक अनुसारको मूल्य तथा कुखुरा संख्या जोडी औसत मूल्य कायम गरी लेख्नुपर्दछ।

उदाहरणको लागि एकै लटका ५०० कुखुरामध्ये २०० कुखुराको जम्मा तौल ४७५ के.जी. को प्रति के.जी. रु. १६०।- का दरले र केही दिनपछि बाँकी ३०० कुखुराको जम्मा तौल ६०० के.जी.को प्रति के.जी. रु. १५०।- का दरले बिक्री गरेको रहेछ भने पहिलो बिक्रीबाट रु.७६,०००।- (४७५*१६० = रु.७६,०००।-) र दोस्रो बिक्रीबाट रु. ९०,०००।- (६००*१५० = रु.९०,०००।-) गरी जम्मा रु. १,६६,०००।- हुन आउँछ । ती ५०० कुखुराको जम्मा तौल १०७५ (४७५ + ६०० = १०७५) हुन आउँछ । अब औसत मूल्य कायम गर्न जम्मा मूल्य १,६६,०००।- लाई जम्मा तौल १०७५ ले भाग गरी निकालिन्छ । जुन प्रतिकेजी रु. १५४.४२ हुन आउँछ । यसरी यस महलमा प्रति के.जी. मूल्य लेख्दा पैसा नलेखी रु.मा मात्र लेख्नुपर्दछ । माथिको उदाहरण अनुसार प्रति के.जी. मूल्य रु. १५४।- लेख्नुपर्दछ ।

५.२ सन्दर्भ अवधिमा अण्डा उत्पादन तथा बिक्रीसम्बन्धी विवरण (ह्याचरी बाहेक अन्य फर्मबाट मात्र विवरण संकलन गर्ने)

प्रश्नावलीको यस भागमा फर्मले अण्डा उत्पादन गर्ने उद्देश्यले पालेका कुखुराहरुको जात वा किसिम अनुसार विवरण संकलन गरिन्छ । अण्डा उत्पादनका लागि प्राय लेयर्स पालिने भए तापनि कोइलर तथा अन्य किसिम जस्तैः अष्टलोप र न्युह्याम्पसायर पनि अण्डा उत्पादनका लागि पालिएको हुन सक्दछ । यस किसिमका कुखुराहरुको अण्डा उत्पादनसम्बन्धी विवरण उल्लेख गर्नुपर्दछ ।

महल १ (सन्दर्भ अवधिमा पालिएको कुखुराको जात)

यस महलमा अण्डा उत्पादन प्रयोजनका लागि पालेका कुखुराको जात वा किसिम लेख्नुपर्दछ। यसरी कुखुराको जात वा किसिम लेख्दा लेयर्स पालिएको भएमा पहिलो लहरमा अनिवार्य रुपमा लेयर्स नै लेख्नुपर्दछ ।

यसरी पहिलो लहरमा लेयर्स लेखी त्यसको विवरण लिएपछि तलका लहरहरुमा अण्डा प्रयोजनका लागि पालिएका अन्य जात वा किसिमका कुखुरा अनुसार विवरण लिनुपर्दछ ।

महल २ (सन्दर्भ अवधिमा पालिएको कुखुराको लट क्रमसंख्या)

यस महलमा सन्दर्भ अवधिमा फर्मले पालेका कुखुराहरुको लट नम्बर लेख्नुपर्दछ । विवरण लिदा पहिलो लहरमा सँधै लेयर्सको विवरण लिइसकेपछि मात्र अन्य किसिमको बारेमा विवरण लिनुपर्दछ । साधारणतया अण्डा उत्पादनका लागि पालिने कुखुराको हकमा एउटा खोरमा सन्दर्भ अवधिभरमा एक लट मात्र कुखुरा पालिएको हुन्छ । कुनैकुनै फर्मले एक भन्दा बढी खोरमा छुट्टा छुट्टै कुखुरा पालेको भए यस्तो अवस्थामा ती छुट्टा छुट्टै खोरमा पालिएका कुखुरालाई छुट्टा छुट्टै लट मानी विवरण संकलन गर्नुपर्दछ ।

महल ३ (सन्दर्भ अवधिमा पालिएको कुखुराको चल्ला राखिएको संख्या)

यस महलमा सन्दर्भ अवधिमा पालिएको कुखुराको लट अनुसार राखिएको चल्ला संख्या लेख्नुपर्दछ ।

महल ४ र ५ (सन्दर्भ अवधिमा पालिएको कुखुरा सङ्ख्याः अण्डा दिने, अण्डा नदिने)

यस महलमा लट अनुसार कुखुराको संख्या लिँदा सन्दर्भ अवधिमा अण्डा दिइरहेका कुखुराको संख्या महल ४ मा र अण्डा नदिने कुखुराको संख्या महल ५ मा लेख्नुपर्दछ । अण्डा नदिने कुखुरा भन्नाले अण्डा दिने उमेर नपुगेका अर्थात् अण्डा दिन सुरु नगरेका कुखुरालाई जनाउँदछ ।

महल ६ (अण्डा उत्पादन सुरु गर्नु पूर्व मृत्यु संख्या)

यस महलमा फर्मले अण्डा उत्पादन प्रयोजनका लागि पालेका कुखुराको किसिम र लट अनुसार अण्डा उत्पादन सुरु गर्नु पूर्व कतिवटा कुखुराको मृत्यु भएको हो सो संख्या लेख्नुपर्दछ ।

महल ७ (सन्दर्भ अवधिमा अण्डा उत्पादन सुरु गरिसके पछिको मृत्यु संख्या)

यस महलमा फर्मले अण्डा उत्पादन प्रयोजनका लागि पालेका कुखुराको किसिम र लट अनुसार अण्डा उत्पादन गरिसकेपछि कतिवटा कुखुराको मृत्यु भएको सो संख्या लेख्नुपर्दछ ।

महल ८ (सन्दर्भ अवधिमा अण्डा दिन सुरु गर्दा कुखुराको उमेर, हप्तामा)

यस महलमा फर्मले अण्डा उत्पादन प्रयोजनका लागि पालेका कुखुराहरुले पालेको कति हप्तापछि अण्डा दिन सुरु गर्‍यो, सो हप्ता संख्या लट अनुसार छुट्टाछुट्टै लेख्नुपर्दछ ।

महल ९ (सन्दर्भ दिनमा कुखुराको उमेर, हप्तामा)

यस महलमा गणनाको दिनमा कुखुरा फर्ममा रहेका कुखुराको उमेर कति हप्ताको भयो सो लट अनुसार लेख्नुपर्दछ।

महल १० (सन्दर्भ अवधिमा जम्मा उत्पादित अण्डा (क्रेट संख्यामा))

यस महलमा फर्मले सन्दर्भ अवधिमा पालिएका कुखुराबाट जम्मा कति अण्डा उत्पादन भयो सोधी लट अनुसार जम्मा उत्पादित अण्डा क्रेट संख्यामा उल्लेख गर्नुपर्दछ । व्यवसायीले अण्डा बिक्री गरेको संख्या पेटी/बक्स, क्रेट तथा संख्यामा भन्ने गर्दछन्। १ क्रेट बराबर ३० वटा अण्डा र १ पेटी बराबर ७ क्रेट अर्थात २१० अण्डा हुन्छ।

महल ११ (सन्दर्भ अवधिमा घरायसी उपभोग गरिएको अण्डा (क्रेट संख्यामा))

यस महलमा सन्दर्भ अवधिमा घरायसी उपभोग गरिएको जम्मा अण्डा क्रेटमा संख्यामा लेख्नुपर्दछ । घरायसी उपभोग भन्नाले आफूले घरमा खाएको, कामदारले खाएको, आफ्ना नातागोता, इष्टमित्रहरुलाई उपहारस्वरुप दिइएको अण्डालाई बुझाउँदछ ।

महल १२ (सन्दर्भ अवधिमा बिग्रेको/फुटेको /नष्ट भएको अण्डा, (क्रेट संख्यामा))

यस महलमा सन्दर्भ अवधिमा उत्पादित अण्डा विविध कारण (जस्तै निश्चित अवधिभित्र बिक्री नभई नष्ट गरिएका अण्डा, कुखुराले नै नष्ट गरेको अण्डा, संकलनका क्रममा नष्ट भएका, चर्किएका अण्डा

आदि) ले बिग्रेको/फुटेको/नष्ट भएको हुन सक्दछ । यसरी बिग्रेको, फुटेको वा नष्ट भएको अण्डा संख्या यस महलमा क्रेटमा उल्लेख गर्नुपर्दछ ।

महल १३ (सन्दर्भ अवधिमा बिक्री गरिएको अण्डा, (क्रेट संख्यामा))

यस महलमा सन्दर्भ अवधिमा जम्मा कति अण्डा बिक्री, गऱ्यो सोधी लट अनुसार जम्मा बिक्री गरिएको अण्डा संख्या क्रेटमा उल्लेख गर्नुपर्दछ ।

महल १४ (सन्दर्भ अवधिमा प्रतिक्रेट (३० वटा) अण्डाको औसत मूल्य रु.)

यस महलमा फर्मले प्रति क्रेट अण्डा बिक्री गर्दा सरदर कति मूल्यमा बिक्री गरेको हो, सोधी प्रतिक्रेट अण्डाको मूल्य लेख्नुपर्दछ ।अण्डाको बिक्री मूल्य समय अनुसार फरक फरक हुन सक्दछ । यसरी मूल्य पटकैपिच्छे फरक भएमा पटक अनुसारको मूल्य तथा अण्डाको क्रेट संख्या जोडी औसत मूल्य कायम गरी लेख्नुपर्दछ।

महल १५ (सन्दर्भ अवधिमा अण्डा बिक्रीबाट प्राप्त जम्मा रकम रु.)

यस महलमा सन्दर्भ अवधिमा लटअनुसार अण्डा बिक्रीबाट प्राप्त जम्मा रकम रु.मा लेख्नुपर्दछ ।

५.३ सन्दर्भ अवधिमा प्यारेन्ट कुखुराको अण्डा उत्पादन तथा बिक्रीसम्बन्धी विवरण (ह्याचरीबाट मात्र विवरण संकलन गर्ने)

प्रश्नावलीको यो भाग ह्याचरीसँग मात्र सम्बन्धित छ । हाम्रो देशमा चल्ला उत्पादन गर्ने ह्याचरीहरुले चल्ला उत्पादनका लागि आवश्यक अण्डाको लागि प्यारेन्ट आफैंले पाल्ने र उत्पादित अण्डाबाट चल्ला उत्पादन गरी डिलर, सबडिलर, एग्रोभेटमार्फत् र आफैले पनि व्यवसायी तथा कृषकलाई चल्ला बिक्री वितरण गर्ने गर्दछन्।

प्रश्नावलीको यस भागमा ह्याचरीले चल्ला उत्पादन गर्ने उद्देश्यले पालेका प्यारेन्ट कुखुराहरुको किसिम अनुसार अण्डा उत्पादन विवरण संकलन गरिन्छ र चल्ला सम्बन्धी विवरण ५.४ मा संकलन गरिन्छ ।

महल १ (कुखुराको किसिम)

यस महलमा प्यारेन्ट कुखुराको किसिम लेख्नुपर्दछ ।

महल २ (सन्दर्भ अवधिमा पालिएको कुखुराको लट क्रमसंख्या)

यस महलमा फर्म/ह्याचरीले सन्दर्भ अवधिमा अण्डा उत्पादन गर्ने उद्देश्यले कति लट प्यारेन्ट कुखुरा पाल्यो सोधी किसिम अनुसार जम्मा लट क्रमसंख्या लेख्नुपर्दछ ।

महल ३ (सन्दर्भ अवधिमा पालिएको कुखुराको चल्ला राखिएको संख्या)

यस महलमा सन्दर्भ अवधिमा पालिएको कुखुराको लट अनुसार राखिएको चल्ला संख्या लेख्नुपर्दछ ।

महल ४ र ५ (सन्दर्भ अवधिमा पालेको कुखुराको सङ्ख्याः अण्डा दिने, अण्डा नदिने)

यस महलमा फर्म/ह्याचरीले सन्दर्भ अवधिमा महल २ मा लेखिएको जम्मा लट क्रमसंख्याका जम्मा प्यारेन्ट कुखुरामध्ये अण्डा दिने प्यारेन्ट कुखुराको संख्या महल ४ मा र अण्डा नदिने प्यारेन्ट कुखुराको संख्या महल ५ मा लेख्नुपर्दछ । अण्डा नदिने प्यारेन्ट कुखुरा भन्नाले अण्डा दिने उमेर नपुगेका अर्थात् अण्डा दिन सुरु नगरेका कुखुरालाई जनाउँदछ ।

महल ६ (मृत्यु संख्या, हजारमा)

यस महलमा फर्मले पालेका प्यारेन्ट कुखुराको किसिम र लट अनुसार चल्ला कति संख्यामा ल्याई पालेको थियो र पाल्ने क्रममा विभिन्न कारण कति संख्यामा तिनको मृत्यु भयो उक्त संख्या हजारमा लेख्नुपर्दछ ।

महल ७ (अण्डा दिन सुरु गर्दा कुखुराको उमेर, हप्तामा)

यस महलमा फर्मले अण्डा उत्पादन प्रयोजनका लागि पालेका प्यारेन्ट कुखुराहरुले पालेको कति हप्तापछि अण्डा दिन सुरु गर्‍यो, सो हप्ता संख्या लट अनुसार छुट्टाछुट्टै लेख्नुपर्दछ ।

महल ८ (सन्दर्भ दिनमा कुखुराको उमेर, हप्तामा)

सन्दर्भ दिन भन्नाले गणनाको दिन अर्थात प्रश्नावलीमा रहेका विवरण कुखुरा व्यवसायीकोमा गएर संकलन गरेको दिन भन्ने सम्झनुपर्दछ । यस महलमा गणनाको दिनमा फर्म/ह्याचरीमा रहेका कुखुराहरुको उमेर लटअनुसार हप्तामा लेख्नुपर्दछ ।

महल ९ (सन्दर्भ अवधिमा जम्मा उत्पादित अण्डा (क्रेट संख्यामा))

यस महलमा फर्मले सन्दर्भ अवधिमा पालिएका प्यारेन्ट कुखुराबाट जम्मा कति अण्डा उत्पादन भयो, सोधी लट अनुसार जम्मा उत्पादित अण्डा क्रेट संख्यामा उल्लेख गर्नुपर्दछ ।

महल १० (सन्दर्भ अवधिमा विग्रेको/फुटेको/नष्ट भएका अण्डा (क्रेट संख्यामा))

यस महलमा फर्मले सन्दर्भ अवधिमा पालिएका प्यारेन्ट कुखुराबाट उत्पादित अण्डा विविध कारण (जस्तैः निश्चित अवधि भित्र ह्याचिङ्ग नभई नष्ट गरिएका अण्डा, कुखुराले नै नष्ट गरेको अण्डा, संकलनका क्रममा नष्ट भएका, चर्किएका अण्डा आदि) ले नष्ट भएको/विग्रेको/फुटेको हुन सक्दछ। यसरी बिग्रेका, फुटेका वा नष्ट भएका अण्डा क्रेट संख्यामा उल्लेख गर्नुपर्दछ ।

महल ११ (सन्दर्भ अवधिमा बिक्री गरिएको अण्डा (क्रेट संख्यामा))

प्रायजसो ह्याचरीहरुले प्यारेन्ट कुखुरा पाली उत्पादित अण्डा आफैले ह्याचिङ्ग गरी चल्ला उत्पादन गर्ने गर्दछन। साधारणतया ह्याचरीहरुले अण्डा बिक्री गर्ने गरेको पाइँदैन्। यदि कुनै ह्याचरीले कारणवश प्यारेन्ट कुखुराबाट उत्पादित अण्डा बिक्री गरेको भएमा बिक्री गरिएको अण्डा क्रेट संख्यामा उल्लेख गर्नुपर्दछ ।

महल १२ (सन्दर्भ अवधिमा अण्डा बिक्रीबाट प्राप्त रकम रु.)

यस महलमा महल १० मा उल्लिखित अण्डा संख्या बिक्रीबाट प्राप्त रकम लेख्नुपर्दछ ।

५.४ सन्दर्भ अवधिमा चल्ला उत्पादन तथा बिक्रीसम्बन्धी विवरण (ह्याचरीबाट मात्र विवरण संकलन गर्ने)

ह्याचरीमा पालिएका प्यारेन्ट कुखुरा तथा तिनबाट उत्पादित अण्डाको विवरण माथि ५.३ मा नै संकलन गरिन्छ । यस भागमा चल्ला उत्पादनसम्बन्धी विवरण मात्र संकलन गरिन्छ । अतः प्रश्नवलीको यो भाग पनि विशेषत ह्याचरीसँग मात्र सम्बन्धि छ ।

महल १ (चल्लाको किसिम)

यस महलमा हयाचरीले उत्पादन गरेको चल्लाको किसिम लेखिएको छ । जस्तै ब्रोइलर, लेयर्स, कोईलर्स र गिरिराज ।

महल २ (सन्दर्भ अवधिमा चल्ला उत्पादन लट संख्या)

यस महलमा हयाचरीले सन्दर्भ अवधिमा कति लट चल्ला उत्पादन गऱ्यो सोधी किसिम अनुसार जम्मा लट संख्या लेख्नुपर्दछ ।

महल ३ (सन्दर्भ अवधिमा चल्ला उत्पादनका लागि इन्क्युवेटरमा राखिएको अण्डा संख्या, हजारमा)

यस महलमा हयाचरीले सन्दर्भ अवधिमा चल्ला उत्पादनका लागि महल २ मा लेखिएको जम्मा लट संख्याका लागि के कति संख्यामा अण्डाको प्रयोग गर्‍यो जम्मा जम्मी अण्डा संख्या लेख्नुपर्दछ । अण्डा संख्या लेख्दा हजारमा लेख्नुपर्दछ । हयाचरीले चल्ला उत्पादनको लागि आफैले उत्पादन गरेको अण्डा बाहेक अन्यत्रबाट पनि अण्डा ल्याएको भए सोसमेत जोडी एकमुस्ट लेख्नुपर्दछ ।

महल ४ (सन्दर्भ अवधिमा उत्पादित चल्ला संख्या, हजारमा)

यस महलमा ह्याचरीले सन्दर्भ अवधिमा जम्माजम्मी के कति संख्यामा चल्ला उत्पादन गर्‍यो उक्त संख्या हजारमा लेख्नुपर्दछ ।

महल ५ (ह्याचिविलिटी दर अर्थात चल्ला उत्पादन दर, प्रतिशतमा)

यस महलमा चल्ला उत्पादन गर्दाको ह्याचिविलिटी दर प्रतिशतमा लेख्नुपर्दछ । ह्याचिविलिटी दर चल्ला उत्पादनका लागि प्रयोग गरिएको जम्मा अण्डा संख्या र उत्पादित जम्मा चल्ला संख्याबाट गणना गरी निकाल्न सकिन्छ । उदाहरणको लागि चल्ला उत्पादनका लागि १०,००० वटा अण्डा प्रयोग गरेकोमा ९,००० वटा चल्ला उत्पादन भयो भने ह्याचिविलिटी दर ९०% हुन्छ ।

महल ६ (नष्ट/रिजेक्ट गरिएको चल्ला संख्या, हजारमा)

सन्दर्भ अवधिमा फर्म/ह्याचरीले चल्ला उत्पादनका क्रममा नष्ट/रिजेक्ट गरिएका चल्लाको संख्या हजारमा लेख्नुपर्दछ । उदाहरणको लागि बिक्री हुन नसकेका चल्लाहरु, लेयर्स चल्लाको हकमा भाले चल्लाहरु आदि ।

महल ७ (बिक्री गरिएको चल्ला संख्या, हजारमा)

यस महलमा किसिम अनुसार सन्दर्भ अवधिमा ह्याचरीले बिक्री गरेको जम्मा चल्ला संख्या एकमुस्ट हजारमा लेख्नुपर्दछ ।

महल ८ (प्रति चल्ला औसत मूल्य रु.)

यस महलमा ह्याचरीले चल्ला बिक्री गर्दा सरदर प्रति चल्ला कति मूल्यमा बिक्री गरेको हो, सोधी प्रति चल्लाको मूल्य लेख्नुपर्दछ ।चल्लाको बिक्री मूल्य समय र लट अनुसार फरक फरक हुन सक्दछ । एकै लटका चल्ला पनि फरक फरक मूल्यमा बिक्री गरेको भएमा सोही अनुसारको मूल्य तथा चल्ला संख्या जोडी औसत मूल्य कायम गरी लेख्नुपर्दछ ।

महल ९ (चल्ला बिक्री बाट प्राप्त रकम रु.)

यस महलमा ह्याचरीले सन्दर्भ अवधिमा किसिम अनुसार चल्ला बिक्री गरी प्राप्त गरेको एकमुस्ट रकम लेख्नुपर्दछ ।

५.५ सन्दर्भ अवधिमा मासुका लागि बिक्री गरिएका लेयर्स तथा प्यारेन्ट (अण्डा पारी सकेका) कुखुरासम्बन्धी विवरण

फर्मले अण्डा उत्पादनका लागि पालेका विभिन्न किसिमका कुखुरा (लेयर्स र प्यारेन्ट) अण्डा उत्पादन अवधि समाप्त भए पश्चात् मासुका लागि बिक्री गर्दछन्। यस्तो बिक्री विवरण यस भागमा लिइन्छ ।

महल १ (कुखुराको किसिम)

अण्डा उत्पादनका लागि पालेका विभिन्न किसिमका कुखुरा (लेयर्स र प्यारेन्ट) अण्डा उत्पादन अवधि समाप्त भए पश्चात् मासुका लागि बिक्री गरिएको भए किसिम अनुसार यस महलमा उल्लेख गर्नुपर्दछ। मासु उत्पादनको लागि पालिएका ब्रोइलर कुखुरा यस भागमा पर्दैनन् ।

महल २ (सन्दर्भ अवधिमा पालिएका कुखुराको लट संख्या)

यस महलमा फर्म वा ह्याचरीले अण्डा उत्पादनका लागि पालेका लेयर्स कुखुरा तथा प्यारेन्ट कुखुराले अण्डा उत्पादन दिन छोडेपछि मासु प्रयोजनका लागि कति लट बिक्री गर्‍यो त्यो लट संख्या किसिमअनुसार लेख्नुपर्दछ ।

महल ३ (सन्दर्भ अवधिमा घरायसी उपभोग गरिएको कुखुरा संख्या)

यस महलमा किसिम र लट अनुसार सन्दर्भ अवधिमा घरायसी उपभोग गरिएको जम्मा कुखुरा संख्या लेख्नुपर्दछ। घरायसी उपभोग भन्नाले आफूले घरमा खाएको, आफ्ना नातागोता, इष्टमित्रहरुलाई उपहारस्वरुप दिइएको, कामदारले खाएको कुखुराहरुलाई बुझाउँदछ ।

महल ४ (सन्दर्भ अवधिमा बिक्री गरिएको कुखुरा संख्या)

सन्दर्भ अवधिमा लेयर्स र प्यारेन्ट कुखुराको अण्डा उत्पादन अवधि समाप्त भएपश्चात् फर्मले मासुका लागि जिउँदो बिक्री गरेको कुखुराको संख्या किसिम अनुसार यस महलमा लेख्नुपर्दछ ।

महल ५ (सन्दर्भ अवधिमा कुखुरा बिक्रीबाट प्राप्त रकम, रु.हजारमा)

यस महलमा महल १ मा उल्लिखित कुखुराको किसिम र महल २ मा टिपिएको जम्मा लट संख्या अनुसारका कुखुराहरु बिक्रीबाट प्राप्त जम्मा रकम हजारमा लेख्नुपर्दछ ।

महल ६ (जिउँदो बिक्री गर्दा प्रति कुखुरा औसत तौल, के.जी.मा)

यस महलमा फर्मले लेयर्स र प्यारेन्ट कुखुराको अण्डा उत्पादन अवधि समाप्त भए पश्चात् मासुका लागि जिउँदै बिक्री गर्दा प्रति कुखुराको औसत तौल कति थियो सोधी किलोग्राममा लेख्नुपर्दछ । कुखुराहरु पटकपटक बिक्री गरिएको हुनसक्छ । यदि त्यसो भएमा पटक अनुसारको तौल र कुखुरा संख्या जोडी औसत तौल कायम गरी लेख्नु लेख्नुपर्दछ । जिउँदो कुखुराको औसत तौल १ किलो २०० ग्राम भएमा १.२ लेख्नुपर्दछ ।

महल ७ (जिउँदो बिक्री गर्दा कुखुराको प्रति के.जी. औसत मूल्य रु.)

यस महलमा फर्मले लेयर्स र प्यारेन्ट कुखुराको अण्डा उत्पादन अवधि समाप्त भएपश्चात् मासुका लागि जिउँदो कुखुरा बिक्री गर्दा सरदर प्रति किलोग्राम कति मूल्यमा बिक्री गरेको हो सोधी यस महलमा लेख्नुपर्दछ ।

कुखुराको बिक्री मूल्य पटकअनुसार फरकफरक हुन सक्छ त्यसो भएमा पटक अनुसारको मूल्य तथा कुखुरा संख्या जोडी औसत मूल्य कायम गरी लेख्नुपर्दछ।

५.६ सन्दर्भ अवधिमा कुखुराको मल (सुली) उत्पादन तथा बिक्रीसम्बन्धी विवरण

कुखुरापालन व्यवसायमा कुखुराको सुली पनि आम्दानीको राम्रो स्रोत हुने गर्दछ । विशेषतः सुली खेतबारीमा मलको रुपमा प्रयोग भइआएको छ । यस भागमा फर्मले सन्दर्भ अवधिमा सह-उत्पादनको रुपमा सुली के कति उत्पादन तथा बिक्री गरेको छ सो सम्बन्धी विवरण लिइन्छ ।

महल १ (कुखुराको किसिम)

यस महलमा फर्मले पालेका कुखुराको जात वा किसिम लेख्नुपर्दछ ।

महल २ (उत्पादित मल, बोरा संख्यामा)

यस महलमा फर्ममा सन्दर्भ अवधिमा मल (सुली) कति बोरा उत्पादन भयो एकमुस्ट लेख्नुपर्दछ । बोरा भन्नाले कृषकले दाना खरिद गर्दा प्रयोग भएको बोराको आकारलाई बुझ्नुपर्दछ ।

महल ३ (प्रति बोरा औसत तौल, के.जी. मा)

महल २ मा प्रयोग भएको बोरा अर्थात कृषकले दाना खरिद गर्दा प्रयोग गरेको बोरामा सुली राखिसकेपछि औसत कति किलोग्राम हुन्छ सो औसत तौल यहाँ के.जी. मा लेख्नुपर्दछ ।

महल ४ (मल बिक्री, बोरामा)

यस महलमा फर्मले सन्दर्भ अवधिमा मल (सुली) कति बोरा बिक्री गर्यो एकमुस्ट लेख्नुपर्दछ ।

महल ५ (मूल्य रु. प्रतिबोरा)

यस महलमा फर्मले सन्दर्भ अवधिमा मल (सुली) बिक्री गर्दा प्रति बोरा औसत कति मूल्यमा बिक्री गर्‍यो सोधी लेख्नुपर्दछ । प्रति बोरा मूल्य पनि समय अनुसार फरक भएमा औसत मूल्य कायम गरी लेख्नुपर्दछ ।

महल ६ (मल बिक्रीबाट प्राप्त रकम रु.)

यस महलमा फर्मले सन्दर्भ अवधिमा मल (सुली) बिक्री गरी प्राप्त गरेको जम्मा रकम लेख्नुपर्दछ ।

५.७ सन्दर्भ अवधिमा रोग तथा अन्य कुनै कारणले यस फर्मको कुखुरामा कुनै क्षति पुगेको थियो ?

कुखुरापालन व्यवसायमा सन्दर्भ अवधिमा कुनै प्रकारको रोग तथा अन्य कुनै कारणले ठूलो क्षति भए नभएको सोधी उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्दछ। रोग भन्नाले सामान्य वा महामारी दुवैलाई बुझाउँछ। जस्तैः बर्डफ्लु, रानीखेत माहामारी रोग हुन् भने गम्बोरो, मेरेक्स/लिकोसिस, कक्सिडियोसिस, सी.आर.डी., लिची आदि सामान्य रोग हुन। अन्य कुनै कारण भन्नाले खोर व्यवस्थापनमा भएको कमजोरी, आहाराको उचित व्यवस्थापन गर्न नजानेर, प्राकृतिक प्रकोप, जंगली तथा घरपालुवा जनावरको आक्रमणले भएको क्षति भन्ने बुझ्नुपर्दछ ।

यदि उत्तरदाताले सन्दर्भ अवधिमा रोग वा कुनै कारणले फर्मको कुखुरामा कुनै क्षति भएको भनी बताएमा "थियो" को कोड १ मा गोलो घेरा लगाउनु पर्दछ र प्रश्न ५.८ सोध्नुपर्दछ । यदि "थिएन" भन्ने उत्तर आएमा कोड २ मा गोलो घेरा लगाई प्रश्न ५.८ नसोधी सिधै प्रश्न ६.१ सोध्नुपर्दछ । यहाँ सन्दर्भ अवधिअघि वा पछि भएको क्षतिको विवरण लिन खोजिएको होइन ।

५.८ कुखुरामा भएको क्षतिको विवरण

फर्ममा रहेका कुखुरामा रोग तथा कुनै कारणले क्षति भएको हुन सक्दछ । यहाँ फर्ममा रहेका कुखुरा के कारणले र कति संख्यामा क्षति भयो भन्ने विवरण संकलन गर्न खोजिएको छ ।

महल १ (क्र.सं.)

यो सिलसिलेबार नम्बर हो ।

महल २ (क्षतिका कारण)

यस महलमा फर्ममा रहेका कुखुरा क्षति हुनका विभिन्न कारणहरु दिइएका छन् जस्तै रोग व्याधिको कारण, खोर व्यवस्थापनमा कमजोरी भएर, आहाराको उचित व्यवस्थापन गर्न नजानेर, उपचारको उचित व्यवस्थापन नभएर, प्राकृतिक प्रकोपको कारणले, जंगली तथा घरपालुवा जनावरको आक्रमणले र अन्य कारणले ।

महल ३ (क्षति भएको कुखुरा संख्या)

महल २ मा उल्लिखित कारणहरु मध्ये जुन-जुन कारणले कुखुरामा क्षति भयो कारण अनुसार क्षति भएको कुखुराको संख्या यहाँ उल्लेख गर्नुपर्दछ। यदि महल २ मा उल्लिखित कारणहरु मध्ये कुनै पनि कारणले कुखुरामा क्षति नभएको भए यस महलमा शून्य (०) लेख्नुपर्दछ ।

महल ४ (क्षति भएको चल्ला संख्या)

महल २ मा उल्लिखित कारणहरु मध्ये जुन-जुन कारणले चल्लामा क्षति भयो कारण अनुसार क्षति भएको चल्लाको संख्या यहाँ उल्लेख गर्नुपर्दछ । यदि महल २ मा उल्लिखित कारणहरुमध्ये कुनै पनि कारणले चल्लामा क्षति नभएको भए यस महलमा शून्य (०) लेख्नुपर्दछ ।

महल ५ (क्षति भएको अण्डा संख्या)

महल २ उल्लिखित कारणहरु मध्ये जुन-जुन कारणले अण्डामा क्षति भयो कारण अनुसार क्षति भएको अण्डाको संख्या यहाँ उल्लेख गर्नुपर्दछ । यदि महल २ मा उल्लिखित कारणहरु मध्ये कुनै पनि कारणले अण्डामा क्षति नभएको भए यस महलमा शून्य (०) लेख्नुपर्दछ । यस महलमा महल २ को क्षतिका कारणहरु मध्ये रोगव्याधको कारण, आहाराको उचित व्यवस्थापन गर्न नजानेर र उपचारको उचित व्यवस्था नभएको भन्ने कारणबाट अण्डामा भएको क्षतिको संख्या यहाँ भर्नुपर्दैन ।

खण्ड ६ : सन्दर्भ अवधिभित्र फर्ममा भएका चालु तथा पुँजीगत खर्च तथा बिक्री विवरण

यस खण्डमा व्यवसायले सन्दर्भ वर्षभित्र विभिन्न शीर्षकमा गरेको खर्चसम्बन्धी विवरण संकलन गरिन्छ । सन्दर्भ अवधिमा भएका चालु खर्च विवरण ६.१ मा, सन्दर्भ अवधिमा भएका पुँजीगत खर्च, र बिक्री तथा स्थायी सम्पतिको विवरण ६.२ मा र मौजाद विवरण ६.३ मा लिइएकोछ ।

६.१ सन्दर्भ अवधिमा भएका चालु खर्च विवरण

यस तालिकामा उल्लिखित खर्च शीर्षक अन्तर्गत एकाइ, वार्षिक खरिद परिमाण र वार्षिक खर्च रकम उल्लेख गर्नुपर्दछ। चल्ला र दाना खरिद खर्च शीर्षक अन्तर्गत बार्षिक खरिद परिमाण र बार्षिक खर्च रकम खुलाउनुपर्दछ र बाँकी खर्च शीर्षकहरुको हकमा बार्षिक खरिद परिमाण नलेखी एकमुस्ट वार्षिक खर्च रकम लेख्नुपर्दछ ।

क्र.सं.	खर्च शीर्षक	परिभाषा
१	चल्ला (ब्रोइलर)	सन्दर्भ अवधिभित्र फर्मले खरिद गरेका ब्रोइलर जातका चल्लाको बार्षिक परिमाण वा जम्मा संख्या महल ५ मा र सन्दर्भ अवधिमा ब्रोइलर जातका चल्ला खरिद गर्दा भएको जम्मा बार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ। यदि फर्मले ब्रोइलर जातका चल्ला खरिद नगरेको भए महल ५ र महल ६ मा शून्य लेख्नुपर्दछ ।
२	चल्ला (लेयर्स)	सन्दर्भ अवधिभित्र फर्मले खरिद गरेका लेयर्स जातका चल्लाको बार्षिक परिमाण वा जम्मा संख्या महल ५ मा र सन्दर्भ अवधिमा लेयर्स जातका चल्ला खरिद गर्दा भएको जम्मा बार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ। यदि फर्मले लेयर्स जातका चल्ला खरिद नगरेको भए महल ५ र महल ६ मा शून्य लेख्नुपर्दछ ।

क्र.सं.	खर्च शीर्षक	परिभाषा
३	चल्ला (कोइलर)	सन्दर्भ अवधिभित्र फर्मले खरिद गरेका कोइलर जातका चल्लाको बार्षिक परिमाण वा जम्मा संख्या महल ५ मा र सन्दर्भ अवधिमा कोइलर जातका चल्ला खरिद गर्दा भएको जम्मा बार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ। यदि फर्मले कोइलर जातका चल्ला खरिद नगरेको भए महल ५ र महल ६ मा शून्य लेख्नुपर्दछ ।
४	चल्ला (गिरिराज)	सन्दर्भ अवधिभित्र फर्मले खरिद गरेका गिरिराज जातका चल्लाको बार्षिक परिमाण वा जम्मा संख्या महल ५ मा र सन्दर्भ अवधिमा गिरिराज जातका चल्ला खरिद गर्दा भएको जम्मा बार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ। यदि फर्मले गिरिराज जातका चल्ला खरिद नगरेको भए महल ५ र महल ६ मा शून्य लेख्नुपर्दछ ।
५	चल्ला (प्यारेन्ट)	सन्दर्भ अवधिभित्र फर्मले खरिद गरेका प्यारेन्ट जातका चल्लाको बार्षिक परिमाण वा जम्मा संख्या महल ५ मा र सन्दर्भ अवधिमा प्यारेन्ट जातका चल्ला खरिद गर्दा भएको जम्मा बार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ। यदि फर्मले प्यारेन्ट जातका चल्ला खरिद नगरेको भए महल ५ र महल ६ मा शून्य लेख्नुपर्दछ ।
६	चल्ला (ग्रेण्ड प्यारेन्ट)	सन्दर्भ अवधिभित्र फर्मले खरिद गरेका ग्रेण्ड प्यारेन्ट जातका चल्लाको बार्षिक परिमाण वा जम्मा संख्या महल ५ मा र सन्दर्भ अवधिमा ग्रेण्ड प्यारेन्ट जातका चल्ला खरिद गर्दा भएको जम्मा बार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ। यदि फर्मले ग्रेण्ड प्यारेन्ट जातका चल्ला खरिद नगरेको भए महल ५ र महल ६ मा शून्य लेख्नुपर्दछ ।
७	चल्ला (अन्य)	सन्दर्भ अवधिभित्र फर्मले खरिद गरेका अन्य(माथि उल्लेखित बाहेक) जातका चल्लाको बार्षिक परिमाण वा जम्मा संख्या

क्र.सं.	खर्च शीर्षक	परिभाषा
		महल ५ मा र सन्दर्भ अवधिमा अन्य जातका चल्ला खरिद गर्दा भएको जम्मा बार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ। यदि फर्मले अन्य जातका चल्ला खरिद नगरेको भए महल ५ र महल ६ मा शून्य लेख्नुपर्दछ ।
८	दाना	सन्दर्भ अवधिभित्र फर्मले कति बोरा दाना खरिद गऱ्यो महल ५ मा र वार्षिक दाना खरिद रकम महल ६ मा लेख्नुपर्दछ। विभिन्न मितिमा खरिद गरिएको दानाको प्रतिबोरा मूल्य फरक हुन सक्छ त्यस्तो अवस्थामा सबै खरिद दरबाट औसत हिसाब निकाली प्रतिबोरा मूल्य लेख्नुपर्दछ। यहाँ बोरा भन्नाले ५० के.जी. दानाको बोरालाई मानिएको छ ।
९	खोप/भ्याक्सिन	सन्दर्भ अवधिमा फर्मले पालेका कुखुरा तथा चल्लालाई रोगबाट बचाउन विभिन्न किसिमका खोप/भ्याक्सिनहरु दिएको हुनसक्छ। यसरी खोप/भ्याक्सिनमा गरिएको एकमुस्ट वार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ।
१०	औषधी	सन्दर्भ अवधिमा फर्मले पालेका कुखुरा तथा चल्लालाई रोगबाट बचाउन विभिन्न किसिमका औषधीहरु खुवाइन्छ। यसरी औषधी खरिदमा गरिएको वार्षिक खर्च एकमुस्ट महल ६ मा लेख्नुपर्दछ ।
११	बाटा/बाल्टी/डोको/ डालो/डोरी	सन्दर्भ अवधिमा फर्मले कुखुरापालन व्यवसायका लागि आवश्यक बाटा/बाल्टी/डोको/डालो/डोरी खरिद गर्दा भएको वार्षिक खर्च रकम एकमुस्ट महल ६ मा लेख्नुपर्दछ। घरायसी प्रयोजनका लागि खरिद गरिएका यस्ता सामग्रीहरुको खर्च यसमा समावेश गर्नुहुँदैन ।
१२	विद्युतीय सामाग्री	सन्दर्भ अवधिमा फर्मले कुखुरापालन व्यवसायका लागि आवश्यक विद्युतीय सामग्री खरिद भएको वार्षिक खर्च रकम एकमुस्ट महल ६ मा लेख्नुपर्दछ। घरायसी प्रयोजनका लागि

क्र.सं.	खर्च शीर्षक	परिभाषा
		खरिद गरिएका यस्ता सामग्रीहरुको खर्च यसमा समावेश गर्नुहुँदैन ।
१३.१	यातायात भाडा	सन्दर्भ अवधिमा फर्मले कुखुरापालन व्यवसाय संचालन प्रयोजनको लागि गरेको यातायात भाडाबापतको खर्च रकम एकमुस्ट महल ६ मा लेख्नुपर्दछ । जस्तैः ढुवानी खर्च, भ्रमण खर्च आदि ।
१३.२	जमिन भाडा/लिज	सन्दर्भ अवधिमा फर्मले कुखुरापालन व्यवसाय संचालन प्रयोजनको लागि जमिन भाडामा वा लिजमा लिएको हुनसक्छ । यस्तो भाडा वा लिज वापत गरेको वार्षिक खर्च रकम एकमुस्ट महल ६ मा लेख्नुपर्दछ ।
१३.३	भवन/खोर/टहरा भाडा	सन्दर्भ अवधिमा फर्मले कुखुरापालन व्यवसाय संचालन प्रयोजनको लागि भवन/खोर/टहरा भाडामा लिएको हुनसक्छ। यस्तो भाडावापत गरेको वार्षिक खर्च रकम एकमुस्ट महल ६ मा लेख्नुपर्दछ ।
१३.४	मेसिनरी औजार भाडा	सन्दर्भ अवधिमा फर्मले कुखुरापालन व्यवसाय संचालन प्रयोजनको लागि मेसिनरी औजार भाडामा लिएको हुनसक्छ। यस्तो भाडावापत गरेको वार्षिक खर्च रकम एकमुस्ट महल ६ मा लेख्नुपर्दछ ।
१४	विद्युत	सन्दर्भ अवधिमा कुखुरापालन व्यवसाय संचालनार्थ प्रयोग भएको विद्युतको जम्मा महसुल खर्च महल ६ मा लेख्नुपर्दछ । व्यवसायको विद्युत महशुल खर्चमा घरायसी विद्युत महशुल खर्च पनि जोडिन सक्ने भएकोले ख्याल गरी घरायसी विद्युत खर्चलाई घटाई बाँकी रकम एकमुस्ट लेख्नुपर्दछ ।
१५	पानी	सन्दर्भ अवधिमा कुखुरापालन व्यवसाय संचालनार्थ प्रयोग भएको पानीको जम्मा महशुल खर्च महल ६ मा लेख्नुपर्दछ । व्यवसायको पानीको महशुल खर्चमा घरायसी

क्र.सं.	खर्च शीर्षक	परिभाषा
		पानीको महशुल खर्च पनि जोडिन सक्ने भएकोले ख्याल गरी घरायसी पानीको महशुल खर्चलाई घटाई बाँकी रकम एकमुस्ट लेख्नुपर्दछ। यदि फर्मले पानी ट्याङकरमा ल्याएको भए सो खर्च पनि जोडी महल ६ मा लेख्नु पर्दछ ।
१६	इन्धन	सन्दर्भ अवधिमा कुखुरापालन व्यवसाय संचालनार्थ प्रयोग हुने इन्धन खर्च जस्तै पेट्रोल, डिजेल, ग्याँस, मट्टितेल, ब्याट्री खरिद गरेको खर्च यसअन्तर्गत महल ६ मा लेख्नुपर्दछ। व्यवसायको इन्धन खर्चसँग घरायसी इन्धन खर्चसमेत जोडिन सक्ने सम्भावना छ भने सो पक्षलाई ख्याल गरी घरायसी इन्धन खर्चलाई घटाई बाँकी रकम एकमुस्ट लेख्नुपर्दछ ।
१७	सञ्चार	सन्दर्भ अवधिमा कुखुरापालन व्यवसाय संचालनार्थ भएको संचार खर्च जस्तै टेलिफोन/मोबाइल महसुल, इन्टरनेट महसुल, फ्याक्स महसुल आदि खर्च यसअन्तर्गत महल ६ मा एकमुस्ट लेख्नुपर्दछ । व्यवसायको संचार खर्चसँग घरायसी संचार खर्च समेत जोडिन सक्ने सम्भावना छ भने सो पक्षलाई ख्याल गरी घरायसी संचार खर्चलाई घटाई बाँकी रकम एकमुस्ट लेख्नुपर्दछ ।
१८	सोत्तर/भुस	सन्दर्भ अवधिमा फर्मले पालेका कुखुरा तथा चल्लाको खोरको भुइँमा न्यानो तथा सुख्खा राख्नका लागि सोत्तरको रुपम सोत्तर/भुस प्रयोग गरिएको हुन्छ। यसरी सोत्तर/भुस खरिदमा गरिएको वार्षिक खर्च एकमुस्ट महल ६ मा लेख्नुपर्दछ ।
१९	क्रेट/कार्टुन बक्स	सन्दर्भ अवधिमा फर्मले अण्डा राख्नका लागि क्रेट तथा कार्टुन बक्स खरिद गर्दा भएको वार्षिक खर्च एकमुस्ट महल ६ मा लेख्नुपर्दछ ।
२०	चुन/फिनाइल/अन्य कीटनाशक विषादी	सन्दर्भ अवधिमा फर्मले पालेका कुखुरा तथा चल्लालाई रोगबाट बचाउन तथा खोरलाई निसंक्रमण गर्नका साथै वातावरण सफा

क्र.सं.	खर्च शीर्षक	परिभाषा
		राख्र चुन/फिनाइल, विभिन्न किसिमका कीटनाशक विषादी खरिद गरेको हुनसक्छ। यसप्रकार गरिएको वार्षिक खर्च एकमुस्ट महल ६ मा लेख्नुपर्दछ ।
२१	सामान्य मर्मत	सन्दर्भ अवधिमा फर्मले व्यवसाय संचालनको सिलसिलामा विभिन्न साधन जस्तै यातायात साधन, औजार सामग्री, भवन/खोर/टहरा आदि मर्मत गरेको हुनसक्छ । यस्ता व्यवसायिक प्रयोजनको लागि गरेको सामान्य मर्मत संभारको वार्षिक खर्च एकमुस्ट महल ६ मा लेख्नुपर्दछ। साना प्रकृतिका मर्मतमा भएको खर्चलाई मात्र यहाँ समावेश गर्नुपर्दछ ।
२२	बीमा	सन्दर्भ अवधिमा फर्मले व्यवसायमा प्रयोग भएका विभिन्न सामग्री तथा कुखुराको बीमा गरेको हुनसक्छ। यस्ता बीमाका लागि तिरेको वार्षिक प्रिमियम खर्च रकम एकमुस्ट महल ६ मा लेख्नुपर्दछ ।
२३	कर/राजश्व	सन्दर्भ अवधिमा फर्मले आफ्नो व्यवसाय संचालन गर्दा तिरेको कर/राजश्वको वार्षिक खर्च रकम एकमुस्ट महल ६ मा लेख्नुपर्दछ ।
२४	सदस्यता र नवीकरण शुल्क	सन्दर्भ अवधिमा फर्मले आफ्नो व्यवसाय संचालन तथा सदस्यता नवीकरण गर्दा तिरेको वार्षिक शुल्क एकमुस्ट महल ६ मा लेख्नुपर्दछ।
२५	दान/चन्दा	सन्दर्भ अवधिमा फर्मले विभिन्न प्रयोजनको लागि व्यक्ति वा संस्थालाई दान, चन्दा वा उपहारको रुपमा दिएको वार्षिक रकम एकमुस्ट महल ६ मा लेख्नुपर्दछ । यस्ता फर्मले दान/चन्दाको रुपमा नगदको साटो जिन्सी (अण्डा, कुखुरा आदि) दिएको रहेछ भने त्यसलाई नगदमा परिवर्तन गरी उक्त रकम यहाँ लेख्नुपर्दछ ।

क्र.सं.	खर्च शीर्षक	परिभाषा
२६	स्टेशनरी तथा मसलन्द	सन्दर्भ अवधिमा फर्मले व्यवसाय संचालनको लागि विभिन्न मसलन्द सामग्री जस्तै स्टेशनरी सामग्रीहरु खरिद गर्दा भएको वार्षिक खर्च रकम एकमुस्ट महल ६ मा लेख्नुपर्दछ ।
२७	कुखुरापालनको लागि लिएको ऋणको व्याज	कुखुरापालन व्यवसायको लागि कुनै समयमा लिएको ऋणको ब्याज यदि सन्दर्भ अवधिमा तिरेको छ भने सो सन्दर्भ अवधिमा जम्मा कति तिरेको हो सो रकम महल ६ मा उल्लेख गर्नुपर्दछ । यदि सन्दर्भ अवधिमा पूरा साँवा वा किस्ताको रुपमा केही साँवा तिरेको भए सो रकम भने समावेश गर्नु पर्दैन ।
२८	संस्थागत करारका कर्मचारी	नियमित तलबी कर्मचारी बाहेक संस्थागत करारमा गरी अन्य कम्पनी वा संस्थाहरुकाट लिइएका कर्मचारीहरु यस अन्तर्गत पर्दछन ।यस्ता कर्मचारीहरुको तलब नियमित तलवी भरपाईमा उल्लेख गरिएको हुदैन्। जस्तो सुरक्षा गार्डहरु हुन सक्छन। यस्ता कर्मचारीको लागि भएको खर्च एकमुस्ट महल ६ मा उल्लेख गर्नुपर्दछ ।
२९	पट्के ज्यालादारीमा भएको खर्च	सन्दर्भ अवधिमा कुखुरापालन व्यवसायमा नियमित र अस्थायी रुपमा काम गर्ने तलबी कर्मचारीहरु वा संस्थागत करारका कर्मचारीबाहेक आवश्यकअनुसार पटके ज्यालादारीमा काम गर्ने कर्मचारीहरुका लागि भएको खर्च महल ६ मा उल्लेख गर्नुपर्दछ ।
३०	जुत्ता, चप्पल, लुगा वापत	सन्दर्भ अवधिमा कुखुरापालन व्यवसायमा कार्यरत कर्मचारीहरुले कुखुरा फर्ममा प्रयोग गर्ने जुत्ता, चप्पल, लुगा वापत भएको एकमुष्ट खर्च महल ६ मा उल्लेख गर्नुपर्दछ।
३१	पशु-चिकित्सक/ प्राविधिकलाई दिएको खर्च	सन्दर्भ अवधिमा कुखुराहरुको उपचार तथा भ्याक्सिन लगाउन आउने

क्र.सं.	खर्च शीर्षक	परिभाषा
		पशु-चिकित्सक/प्राविधिकलाई दिएको खर्च महल ६ मा उल्लेख गर्नुपर्दछ।
३२	भ्रमण खर्च	सन्दर्भ अवधिमा कुखुरापालन व्यावसाय सँग सम्बन्धित कार्यको लागि भएका भ्रमणको भ्रमण खर्चको रकम एकमुष्ट महल ६ मा उल्लेख गर्नुपर्दछ ।
३३	अन्य खर्च	व्यवसाय संचालनार्थ माथि उल्लिखित खर्च शीर्षक बाहेक अन्य सालबसाली खर्च रकम एकमुस्ट महल ६ मा उल्लेख गर्नुपर्दछ। जस्तै विज्ञापन खर्च।

६.२ सन्दर्भ अवधिमा भएका पुँजीगत खर्च तथा बिक्री विवरणः

"पुँजीगत खर्च" भन्नाले बिक्री गरी फाइदा उठाउने उद्देश्य नलिई केवल व्यवसाय सञ्चालनको लागि एक वर्षभन्दा बढी खप्ने भौतिक तथा बौद्धिक सम्पत्ति खरिदका लागि सन्दर्भ अवधिमा भएको खर्चलाई जनाउँदछ । यस अन्तर्गत पुँजीगत खर्चको लागत वा खरिद रकम लेख्दा उक्त सम्पत्ति व्यवसाय संचालित स्थानसम्म ल्याई जडान गर्दा लागेको खर्च र कर महसुल आदि लागेकोमा सोसमेत समावेश गरी एकमुस्ट महल ६ मा खुलाउनु पर्दछ । यसरी नै सन्दर्भ अवधिभित्र पुँजीगत सामानको बिक्रीबाट रकम प्राप्त भएको रहेछ भने सो रकमलाई महल ७ मा उल्लेख गर्नुपर्दछ । तर सन्दर्भ अवधिभन्दा पहिले वा पछि खरिद/बिक्री गरेको पुँजीगत सामानको खर्च विवरण यस भाग (६.२) अन्तर्गत लिनुहुँदैन।

क्र.सं.	खर्च शीर्षक	परिभाषा
१	इन्क्युवेटर (Incubator)	ह्याचरीले अण्डाबाट चल्ला उत्पादन गर्न इन्क्युवेटरको सन्दर्भ अवधिमा खरिद गरेको वा सन्दर्भ अवधि भन्दा पहिले खरिद गरी व्यवसायसँग हाल रहेको हुनसक्छ । ह्याचरीसँग २०८० पौष १५ सम्म भएको भएको इक्युवेटर मूल्य महल ३ मा लेख्नुपर्दछ । यदि सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) ह्याचरीले यस प्रकारको इन्क्युवेटर खरिद गरेको भए त्यसको संख्या महल ४ मा, प्रति एकाइ मूल्य महल ५ मा र यो खरिद गर्दा भएको जम्मा वार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ । यस्ता पुँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ७ मा लेख्नुपर्दछ ।
२	जेनेरेटर	फर्ममा विद्युत आपूर्ति नियमित गर्न जेनेरेटरको प्रयोग भएको हुन सक्दछ ।जेनेरेटर सन्दर्भ अवधिमा खरिद गरेको वा सन्दर्भ अवधि भन्दा पहिले खरिद गरी व्यवसायसँग हाल रहेको हुनसक्छ । फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको जेनेरेटरको मूल्य महल ३ मा लेख्नुपर्दछ । यदि फर्मले सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) यस प्रकारको जेनेरेटर खरिद गरेको भए त्यसको संख्या महल ४ मा, प्रति एकाइ मूल्य महल ५ मा र यो खरिद गर्दा भएको जम्मा वार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ । यस्ता पुँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ७ मा लेख्नुपर्दछ ।
३	पानी तन्ने पम्प	फर्ममा पानी आपूर्तिका लागि पानी तन्ने पम्मको प्रयोग भएको हुन सक्दछ । पानी तन्ने पम्प सन्दर्भ अवधिमा खरिद गरेको वा सन्दर्भ अवधि भन्दा पहिले खरिद गरी व्यवसायसँग हाल रहेको हुनसक्छ। फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको वाटर पम्पको मूल्य महल ३ मा लेख्नुपर्दछ ।

क्र.सं.	खर्च शीर्षक	परिभाषा
		यदि फर्मले सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) वाटर पम्प खरिद गरेको भए त्यसको संख्या महल ४ मा, प्रति एकाइ मूल्य महल ५ मा र यो खरिद गर्दा भएको जम्मा वार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ । यस्ता पुँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ७ मा लेख्नुपर्दछ ।
४	डिफ्रिज/फ्रिज	फर्ममा औषधी वा खोप वा अन्य कुखुरापालन व्यवसाय सम्बन्धी सामग्री सुरक्षित राख्ने प्रयोजनको लागि डिफ्रिज/फ्रिजको खरिद भएको हुन सक्छ । डिफ्रिज/फ्रिज सन्दर्भ अवधिमा खरिद गरेको वा सन्दर्भ अवधि भन्दा पहिले खरिद गरी व्यवसायसँग हाल रहेको हुनसक्छ। फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको डिफ्रिज/फ्रिजको मूल्य महल ३ मा लेख्नुपर्दछ । यदि सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) फर्मले डिफ्रिज/फ्रिज खरिद गरेको भए त्यसको संख्या महल ४ मा, प्रति एकाइ मूल्य महल ५ मा र यो खरिद गर्दा भएको जम्मा वार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ । यस्ता पुँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ७ मा लेख्नुपर्दछ ।
५	डिविकिङ्ग (चुच्चो काट्ने मेशिन)	फर्ममा कुखुराहरु एकआपसमा ठुँगाठुँग (चुच्चोले ठुँग्ने) गरी मर्ने सम्भावना हुने हुनाले बेलैमा त्यसको चुच्चोको टुप्पोलाई काटिदिने गरिन्छ । यस्तो चुच्चो काट्ने विशेष किसिमको मसिनलाई डिविकिङ्ग भनिन्छ । डिविकिङ्ग (चुच्चो काट्ने मेशिन) सन्दर्भ अवधिमा खरिद गरेको वा सन्दर्भ अवधि भन्दा पहिले खरिद गरी व्यवसायसँग हाल रहेको हुनसक्छ । फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको डिविकिङ्गको मूल्य महल ३ मा लेख्नुपर्दछ । यदि सन्दर्भ अवधिमा (२०८०

क्र.सं.	खर्च शीर्षक	परिभाषा
		पौष १६ देखि २०८१ पौष १५) यस प्रकारको डिविकिङ्ग खरिद गरेको भए त्यसको संख्या महल ४ मा, प्रति एकाइ मूल्य महल ५ मा र यो खरिदमा भएको जम्मा वार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ । यस्ता पुँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ७ मा लेख्नुपर्दछ ।
६	तौलने मेशिन	फर्ममा विभिन्न सामानको तौल (कुखुराको तौलसमेत) लिनको लागि तौलने मेशिन हुन सक्दछ । तौलने मेशिन सन्दर्भ अवधिमा खरिद गरेको वा सन्दर्भ अवधि भन्दा पहिले खरिद गरी व्यवसायसँग हाल रहेको हुनसक्छ। फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको तौलने मेशिनको मूल्य महल ३ मा लेख्नुपर्दछ । सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) तौलने मेशिन खरिद गरेको भए त्यसको संख्या महल ४ मा, प्रति एकाइ मूल्य महल ५ मा र यो खरिदमा भएको जम्मा वार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ । यस्ता पुँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ७ मा लेख्नुपर्दछ ।
७	फिडिङ्ग र वाटरिङ्ग सिस्टम	फिडिङ्ग सिस्टम दाना सप्लाई गर्ने एक आधुनिक उपकरण हो । यसले एकनास रुपमा तोकिएको स्थानमा कुखुराहरुलाई दानाको आपूर्ती गर्दछ । त्यसैगरी बाटरिङ्ग सिस्टम पानी सप्लाई गर्ने आधुनिक उपकरण हो जसले एकनाश रुपमा तोकिएको स्थानमा पानीको आपुर्ति गर्दछ । फिडिङ्ग र वाटरिङ्ग सिस्टम सन्दर्भ अवधिमा खरिद गरेको वा सन्दर्भ अवधि भन्दा पहिले खरिद गरी व्यवसायसँग हाल रहेको फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको फिडिङ्ग र वाटरिङ्ग सिस्टमको मूल्य महल ३ मा लेख्नुपर्दछ। सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) महल

क्र.सं.	खर्च शीर्षक	परिभाषा
		४ र ५ उल्लेख गर्नुपर्दैन । यिनीहरुको जम्मा खरिद मूल्य र यिनीहरु बिक्री गरिएको अवस्थामा जम्मा बिक्री मूल्य क्रमशः महल ६ र महल ७ मा उल्लेख गर्नुपर्दछ।
८	खोर/टहरा/अफिस/स्टोर निर्माण	फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको खोर/टहरा /अफिस /स्टोर को मूल्य महल ३ मा लेख्नुपर्दछ।सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) व्यवसाय संचालन प्रयोजनको लागि नयाँ खोर/टहरा/अफिस/स्टोर निर्माण गरेको भए सो बापतको जम्मा वार्षिक खर्च रकम महल ६ मा एकमुस्ट लेख्नुपर्दछ । त्यसै गरी यस्ता पुँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ७ मा लेख्नुपर्दछ । तर महल ४ र ५ उल्लेख गर्नुपर्दैन ।
९	केज र अण्डा संकलन सिस्टम	विशेष गरेर चल्ला हुर्काउन केज/पिँजडाको प्रयोग हुन्छ । यसले चल्लाहरुलाई सुरक्षित हुर्काउन मद्दत गर्दछ । अण्डा संकलन सिस्टम एक आधुनिक उपकरण हो । यसले कुखुराले पारेको अण्डालाई सुरक्षित साथ एकै ठाउमा संकलन गर्दछ । फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको पिँजडा (केज) र अण्डा संकलन सिस्टमको मूल्य महल ३ मा लेख्नुपर्दछ । यदि फर्मले सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) यस प्रकारको केज (पिँजडा) र अण्डा संकलन सिस्टममा खर्च गरेको भए त्यसको जम्मा वार्षिक खर्च रकम महल ६ मा एकमुस्ट लेख्नुपर्दछ । यस्ता पुँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ७ मा लेख्नुपर्दछ । तर महल ४ र ५ उल्लेख गर्नु पर्दैन ।

क्र.सं.	खर्च शीर्षक	परिभाषा
१०	कम्प्युटर/प्रिन्टर/ल्यापटप /मोबाइल	फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको कम्प्युटर/प्रिन्टर/ल्यापटप/मोबाइल मूल्य महल ३ मा लेख्नुपर्दछ । सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) कम्प्युटर/प्रिन्टर/ल्यापटप/मोबाइल आदि खरिद गरेको भए त्यसको वार्षिक खर्च रकम महल ६ मा लेख्नुपर्दछ । यस्ता पुँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ७ मा लेख्नुपर्दछ । तर महल ४ र ५ उल्लेख गर्नुपर्दैन ।
११	सफ्टवयर/एप्लिकेसन	फर्म वा व्यवसायले आफ्नो फर्म वा व्यवसायको लागि सफ्टवयर/एप्लिकेसन निर्माण गरेको भए २०८० पौष १५ सम्मको सो को रकम महल ३ मा र सन्दर्भ अवधिमा निर्माण गरेको भए सोको खरिद रकम महल ६ मा र बिक्री गरेको भए सोको रकम महल ७ मा लेख्नु पर्दछ । तर महल ४ र ५ उल्लेख गर्नुपर्दैन ।
१२	पुँजीगत मर्मत	सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) फर्मले व्यवसाय संचालनको सिलसिलामा विभिन्न साधन जस्तै यातायात, औजार, भवन, खोर, टहरा आदि मर्मत गरेको हुनसक्छ । यस्ता व्यवसायिक प्रयोजनको लागि गरेको पुँजीगत सामानको मर्मत वापतको वार्षिक खर्च एकमुस्ट महल ६ मा लेख्नुपर्दछ । साना प्रकृतिका मर्मत खर्चलाई यहाँ समावेश गरिँदैन । तर ३, ४, ५ र ७ उल्लेख गर्नुपर्दैन ।
१३	जमिन सुधार	फर्म वा व्यवसायको नाममा रहेको खाली जमिन (व्यवसायको सिलसिलामा पुँजीगत सुधार) लाई व्यवसायका लागि उपयुक्त बनाउन सम्याउने जस्ता कार्य गरेको रहेछ भने त्यस कार्य गर्दा लागेको मूल्य महल ६ मा एकमुष्ट रकम उल्लेख गर्नुपर्दछ । तर ३, ४, ५ र ७ उल्लेख गर्नुपर्दैन ।

क्र.सं.	खर्च शीर्षक	परिभाषा
१४	यातायातका साधन	फर्ममा व्यावसायिक प्रयोजनको लागि यातायातको साधन जस्तैः साइकल, मोटरसाइकल, कार, जिप, ट्रक आदि सन्दर्भ अवधि वा सन्दर्भ अवधि अवधिभन्दा अगाडि खरिद गरेको हुनसक्छ। फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको यातायातका साधनको मूल्य महल ३ मा लेख्नुपर्दछ । सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) भएका जम्मा वार्षिक खर्च रकम महल ६ मा एकमुस्ट लेख्नुपर्दछ । यस्ता पुँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ७ मा लेख्नुपर्दछ । तर महल ४ र ५ उल्लेख गर्नुपर्दैन ।
१५	फर्निचर	फर्मले व्यवसाय संचालन प्रयोजनको लागि फर्निचरहरुको सन्दर्भ अवधि वा सन्दर्भ अवधिभन्दा अगाडि खरिद गरेको हुनसक्छ। फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको फर्निचरको मूल्य महल ३ मा लेख्नुपर्दछ । सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) खरिद गरेको भए जम्मा वार्षिक खर्च रकम महल ६ मा एकमुस्ट लेख्नुपर्दछ । यस्ता पुँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ७ मा लेख्नुपर्दछ । तर महल ४ र ५ उल्लेख गर्नुपर्दैन ।
१६	फ्यान/हिटर	फर्मले व्यवसाय संचालन प्रयोजनको लागि फ्यान/हिटरहरू सन्दर्भ अवधि वा सन्दर्भ अवधिभन्दा अगाडि खरिद गरेको फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको फ्यान/हिटरहरू मूल्य महल ३ मा लेख्नुपर्दछ । सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) खरिद गरेको भए जम्मा वार्षिक खर्च रकम महल ६ मा एकमुस्ट लेख्नुपर्दछ । यस्ता पुँजीगत सामान सन्दर्भ अवधिमा बिक्री

क्र.सं.	खर्च शीर्षक	परिभाषा
		गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ७ मा लेख्नुपर्दछ । तर महल ४ र ५ उल्लेख गर्नुपर्दैन ।
१७	अनुसन्धान तथा विकास खर्च	व्यवसाय वा फर्मले आफ्नो व्यवसायको क्षमता बृद्धि गर्न उत्पादनमा विविधिकरण गर्न, आफ्नो प्रतिष्ठा कायम गर्न, बजार व्यवस्थापन सम्बन्धी प्रविधिको विकासका लागि वा अन्य कुनै अध्यायन अनुसन्धान गरेको रहेछ भने यसको निष्कर्षहरु व्यवसायको वौद्धिक सम्पतीका रुपमा लिनुपर्दछ । नयाँ उत्पादन तथा प्रविधि विकास गरी गुणस्तरीय कायम गर्न र बजारमा मागको सम्बोधन गर्न गरिने यस्ता अध्ययन व्यवसायको महत्वपूर्ण स्थायी सम्पति हो । यदि फर्म वा व्यवसायले यस्ता अनुसन्धान तथा विकासमा खर्च गरेको भए सो रकम एकमुष्ट महल ६ मा उल्लेख गर्नुपर्दछ । यहाँ महल ३, ४,५ र ७ मा उल्लेख गर्नुपर्दैन ।
१८	जमिन	फर्मले कुखुरापालन व्यावसायका लागि जमिन खरिद वा विक्रि सन्दर्भ अवधिमा वा सन्दर्भ अवधिभन्दा अगाडि गरेको हुन सक्छ । फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको जग्गाको मूल्य महल ३ मा उल्लेख गर्नुपर्दछ।यदि सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) जग्गा खरिद गरेको भए जुन एकाइमा खरिद गरेको हो सो एकाइ र कति खरिद गरेको हो सो महल ४ मा र खरिद रकम महल ६ मा उल्लेख गर्नुपर्दछ । यदि फर्मले सन्दर्भ अवधिमा जमिन बिक्री गरेको भए महल ७ मा बिक्रीवाट प्राप्त रकम उल्लेख गर्नुपर्दछ । जमिनको प्रति एकाइ मूल्य महल ४ मा उल्लेख गर्नुपर्दैन ।

क्र.सं.	खर्च शीर्षक	परिभाषा
१९	अन्य	माथि उल्लिखित पूँजिगत सामान बाहेक अन्य कुनै समाग्री सन्दर्भ अवधिमा खरिद गरेको फर्म वा व्यवसायसँग २०८० पौष १५ सम्म भएको माथि उल्लिखित पुँजिगत शीर्षक बाहेकका अन्य यस्ता शीर्षकको मूल्य महल ३ मा लेख्नुपर्दछ । सन्दर्भ अवधिमा (२०८० पौष १६ देखि २०८१ पौष १५) सो सामग्री खरिद गर्दा भएको जम्मा वार्षिक खर्च रकम महल ६ मा एकमुस्ट लेख्नुपर्दछ । यस्ता पुँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ७ मा लेख्नुपर्दछ ।

६.३ मौज्दात

सन्दर्भ अवधिको शुरु र अन्त्यमा रहेको मौजाद सम्बन्धी विवरणहरु सङ्कलन गर्न खोजिएको छ। यस अन्तर्गत फर्म वा व्यवसायका लागि विभिन्न समयमा खरिद गरी प्रयोगमा नआइसकेका वस्तु तथा उत्पादन भएर बिक्री नभइसकेका वस्तुहरु यस अन्तर्गत पर्दछन् ।

महल १ : यो सिलसिलेबार नम्वर हो ।

महल २, ३ र ४ मा क्रमशः मौज्दातको विवरण, २०८० पौष १५ सम्मको मौज्दात रकम र २०८१ पौष १५ सम्मको मौज्दात रकम लेख्नुपर्दछ ।

यस अन्तर्गत दाना, इन्धन, अण्डा, पुँजीगत कार्य प्रगती र अन्य गरी विवरणहरु दिइएको छ ।

१. दानाः फर्म वा व्यवसायमा २०८० पौष १५ सम्ममा मौज्दातमा रहेको दानाको मूल्य एकमुष्ट रकम महल ३ मा र २०८१ पौष १५ सम्म मौज्दातमा रहेको दानाको मूल्य एकमुष्ट रकम महल ४ मा उल्लेख गर्नुपर्दछ ।

२. इन्धनः फर्म वा व्यवसायमा २०८० पौष १५ सम्ममा मौज्दातमा रहेको इन्धनको मूल्य एकमुष्ट रकम महल ३ मा र २०८१ पौष १५ सम्म मौज्दातमा रहेको इन्धनको मूल्य एकमुष्ट रकम महल ४ मा उल्लेख गर्नुपर्दछ ।

३. अण्डाः फर्म वा व्यवसायमा २०८० पौष १५ सम्ममा मौज्दातमा रहेको अण्डाको मूल्य एकमुष्ट रकम महल ३ मा र २०८१ पौष १५ सम्म मौज्दातमा रहेको अण्डाको मूल्य एकमुष्ट रकम महल ४ मा उल्लेख गर्नुपर्दछ ।

४. पुँजीगत कार्य प्रगतीः पुँजीगत कार्य प्रगती भन्नाले सन्दर्भ अवधिमा वा सोभन्दा अगावै पुँजीगत प्रकृतिको निर्माण सुरु भै सकेको तर पुरा नभैसकेको संरचनामा सन्दर्भ अवधिमा थपनिर्माण कार्य गरिएको अवस्थालाई जनाउदछ ।सो अवधि भित्र भवन, गोदाम, पर्खाल आदि जस्ता संरचनाको भौतिक निर्माणको कार्य पूर्णरुपमा सम्पन्न हुन थप साधन श्रोत र समय लाग्ने भएमा जती मात्रामा कार्य प्रगती भएको छ सोको मात्र खर्च रकम यहाँ उल्लेख गर्नुपर्दछ । फर्म वा व्यवसायमा २०८० पौष १५ सम्ममा पुँजीगत कार्य प्रगतिको मूल्य एकमुष्ट रकम महल ३ मा र २०८१ पौष १५ सम्म पुँजीगत कार्य प्रगतिको मूल्य एकमुष्ट रकम महल ४ मा उल्लेख गर्नुपर्दछ ।

५. अन्यः अन्य अन्तर्गत सुली, डोरी, कार्टुन, क्रेट आदि जस्ता वस्तुहरु फर्म वा व्यवसायमा २०८० पौष १५ सम्ममा मौज्दातमा रहेको भए सोको मूल्य एकमुष्ट रकम महल ३ मा र २०८१ पौष १५ सम्म मौज्दातमा रहेको भए सोको मूल्य एकमुष्ट रकम महल ४ मा उल्लेख गर्नुपर्दछ ।

महल २ मा उल्लिखित शीर्षकहरु अन्तर्गतको सन्दर्भ अवधिको सुरु (२०८० पौष १५ सम्म) र अन्त्य (२०८१ पौष १५ सम्म) को मौज्दात रकम रु. क्रमशः महल ३ र ४ मा उल्लेख गर्नुपर्दछ।

खण्ड ७ : ऋण, बीमा र अनुदानसम्बन्धी विवरण

यस खण्डमा कुखुरापालन व्यवसायको लागि ऋण लिएको छ छैन, ऋण लिएको भए कहाँबाट लिएको, ऋण/थप ऋण आवश्यक भए/नभएको, कुन उद्देश्यका लागि ऋण आवश्यक भएको, कुखुरा तथा खोर/भवनको बीमा गरेको छ छैन, क्षति भएको भए बीमा दावी गरे नगरेको, दावी गरेर रकम प्राप्त भए नभएको र कुखुरापालन प्रयोजनका लागि अनुदान पाए/नपाएको र अनुदान पाएको भए कुन प्रयोजनका लागि अनुदान पाएको जस्ता विवरण संकलन गर्न खोजिएको छ ।

७.१ यस फर्मले कुखुरापालन व्यवसायको लागि ऋण लिएको छ ?

कुखुरापालन व्यवसायीले यो व्यवसाय सञ्चालनका लागि ऋण लिएको भए कोड "१" मा गोलो घेरा लगाई प्रश्न नं. ७.२ सोध्नुपर्दछ । ऋण नलिएको भए कोड "२" मा गोलो घेरा लगाई प्रश्न नं. ७.२ नसोधी प्रश्न नं. ७.३ सोध्नुपर्दछ ।

गणनाको दिनमा व्यवसायीले ऋण तिर्न बाँकी भए मात्र ऋण लिएको मानिन्छ। गणनाको दिन अगावै ऋण तिरिसकेको भए ऋण लिएको मानिदैन र त्यस्ता व्यवसायीलाई प्रश्न नं ७.२ सोध्नुपर्दैन् ।कुखुरापालन व्यवसाय बाहेक अन्य प्रयोजनका लागि ऋण लिएको भए सो यसमा उल्लेख गर्नुहुँदैन ।

७.२ यस फर्मले ऋण मुख्यतः कहाँबाट लिएको हो ?

फर्मले ऋण कहाँबाट लिएको हो सोधी उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्दछ । सहकारी संस्थाबाट लिएको भए कोड "१" मा, बैंक/वित्तीय संस्थाहरूबाट लिएको भए "२" मा गोलो घेरा लगाउनुपर्दछ । यी बाहेक अन्य कुनै स्रोतबाट लिएको भए कोड "३" मा गोलो घेरा लगाएर स्रोतको नाम पनि लेख्नुपर्दछ । बैंक/वित्तीय संस्था भन्नाले कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, विकास बैंक, ग्रामीण विकास बैंक जस्ता बैंकहरु तथा विभिन्न फाइनान्स कम्पनीहरू पर्दछन् ।

एकभन्दा बढी स्रोतबाट ऋण लिएको भए सबै भन्दा बढी ऋण लिएको स्रोतलाई जनाउँने कोडमा गोलो घेरा लगाउनुपर्दछ ।

७.३ यस फर्मलाई कुखुरापालन व्यवसायका लागि ऋण/थप ऋणको आवश्यकता छ ?

यो प्रश्नमा व्यवसाय संचालनका लागि ऋण नलिएका व्यवसायीलाई ऋणको आवश्यकता र ऋण पहिले नै लिएर तिर्न बाँकी भएकालाई थप ऋणको आवश्यकता छ/छैन सोध्नुपर्दछ । यदि यस्तो ऋण वा थप ऋणको आवश्यकता छ भन्ने उत्तर आएमा कोड "१" मा गोलो घेरा लगाई प्रश्न नं. ७.४ सोध्नुपर्दछ र छैन भन्ने उत्तर आएमा कोड "२" मा गोलो घेरा लगाई प्रश्न नं. ७.४ नसोधी ७.५ सोध्नुपर्दछ ।

७.४ यस फर्मलाई मुख्य कुन उद्देश्यका लागि ऋण/थप ऋणको आवश्यकता छ ?

व्यवसायीलाई ऋण/थप ऋणको आवश्यकता भएमा यस प्रश्नमा के प्रयोजनका लागि ऋण/थप ऋणको आवश्यकता भएको हो सोधी सम्बन्धित कोडमा गोलो घेरा लगाउनु पर्दछ। यदि चल्ला खरिदका लागि ऋण आवश्यक भए कोड १ मा, दाना खरिदका लागि ऋण आवश्यक भए कोड २ मा, खोप तथा औषधी खरिदका लागि ऋण आवश्यक भए कोड ३ मा, खोर तथा टहरा निर्माणका लागि ऋण आवश्यक भए कोड ४ मा, मेशिनरी औजार खरिदका लागि ऋण आवश्यक भए कोड ५ मा र माथि उल्लिखित बाहेक अन्य उद्देश्यका लागि ऋण आवश्यक भए कोड ६ मा गोलो घेरा लगाउनु पर्दछ। अन्यको कोडमा गोलो घेरा लगाईएको भए अन्य के उद्देश्यका लागि ऋण आवश्यक हो खुलाउनु पर्दछ। यदि एक भन्दा बढी उद्देश्यको लागि ऋण आवश्यक रहेछ भने ती मध्ये पहिलो प्राथमिकता जुन हो, त्यसमा गोलो घेरा लगाउनुपर्दछ ।

७.५ यस फर्म तथा कुखुराको बीमा गर्नुभएको छ ?

फर्म/व्यवसायीको खोर/टहरा तथा कुखुरामा प्राकृतिक प्रकोप जस्तैः बाढी, पहिरो, चट्याङ्ग, आगलागी आदि तथा विभिन्न महामारी रोगका कारण क्षति पुग्नसक्ने हुन्छ । अतः यस्तो अवस्थामा व्यवसायीले आफ्नो व्यवसाय सुरक्षित राख्न फर्म/व्यवसायको खोर/टहरा तथा कुखुराको बीमा गरेको छ/छैन सोधी छ भने कोड १ मा र छैन भने कोड २ मा गोलो घेरा लगाई प्रश्न नं. ७.८ सोध्नुपर्दछ ।

७.६ यस फर्मले बीमाको लागि रकम दावी गरेको थियो ?

सन्दर्भ अवधिमा फर्मले बीमा गरेको क्रियाकलापको क्षतीको लागि बीमा दावी गरेको भए कोड १ मा र दावी नगरेको भए कोड २ मा गोलो घेरा लगाई प्रश्न नं. ७.८ सोध्नुपर्दछ ।

७.७ फर्मले बीमाको लागि दावी गर्नुभएको रकम प्राप्त गर्नुभयो ?

सन्दर्भ अवधिमा फर्मले बीमाको लागि दावी गरेको रकम प्राप्त भएको भए कोड १ मा र नभएको भए कोड २ मा गोलो घेरा लगाउनु पर्दछ ।

७.८ पछिल्लो ३ वर्षमा यस फर्मले कुखुरापालन प्रयोजनका लागि अनुदान पाउनु भएको छ ?

कुखुरापालन व्यवसायले पछिल्लो ३ वर्षमा कुनै सरकारी निकायबाट अनुदान पाएको भए कोड १ (छ) मा गोलो घेरा लगाई प्रश्न नं. ७.९ सोध्नुपर्दछ। यदि अनुदान नपाएको भए कोड २ (छैन) मा गोलो घेरा लगाई प्रश्न ७.९ नसोधी खण्ड ८ मा भएका विवरणहरु सोध्नुपर्दछ ।

अनुदान खोर/घर निर्माणमा, उपकरणमा, दाना/चल्लामा वा व्याज अनुदानमध्ये जुन पाएको भए पनि अनुदान पाएको मानिने छ ।

७.९ फर्मले कुन प्रयोजनका लागि अनुदान पाएको हो ?

कुखुरापालन व्यवसायले अनुदान खोर/घर निर्माणमा पाएको भए कोड १ (पूर्वधार निर्माण) मा गोलो घेरा लगाउनु पर्दछ। यसैगरी उपकरण खरिदमा अनुदान पाएको भए कोड २ मा, दाना खरिदमा अनुदान पाएको भए कोड ३ मा, चल्ला खरिदमा अनुदान पाएको भए कोड ४ मा, कुखुरापालन व्यवसायको लागि लिएको ऋणको ब्याज अनुदान पाएको भए कोड ५ मा, यातायातको साधन खरिदमा पाएको भए कोड ६ मा र माथि उल्लिखित बाहेक अन्यमा अनुदान पाएको भए कोड ७ मा गोलो घेरा लगाउनुपर्दछ र अन्य के प्रयोजनका लागि अनुदान पाएको हो खुलाउनु पर्दछ ।

खण्ड ८ : विविध

प्रश्नावलीको यस खण्डमा कुखुरापालनका लागि प्रयोग गरेका व्यवसायिक भवन (खोर/घर) को संख्या, स्वामित्व तथा प्रकार, व्यवसायीको यो व्यवसाय संचालन गर्नुअघिको व्यवसाय, व्यवसाय सञ्चालन सम्बन्धी तालिम, जैविक सुरक्षा प्रणाली, कुखुरापालन व्यवसायमा प्रभाव पार्ने पक्षहरु, मृत्यु भएका कुखुराको व्यवस्थापन, क्षमता अनुसारको उत्पादन भए नभएको, संचालकको मुख्य व्यवसाय हो वा होइन, व्यवसाय सम्बन्धी भावी दिनको योजना र व्यवसायीको नजरमा कुखुरापालन व्यवसायलाई समृद्ध बनाउन सरकारले गर्नुपर्ने प्रमुख कार्यहरुका बारेमा जानकारी संकलन गर्न खोजिएको छ ।

८.१ यस फर्मले कुखुरापालनको लागि छुट्टै व्यावसायिक भवन (खोर/घर) प्रयोग गरेको छ ?

यस प्रश्नमा कुखुरापालन गर्दा मानिस बसोबास गरेको आवासीय भवनमा नै पालिएको हो वा छुट्टै किसिमको व्यवसायिक भवनमा पालिएको हो जान्न खोजिएको छ । कुखुरापालन व्यवसाय छुट्टै व्यवसायिक (गैरआवासीय) भवनमा पालिएको भए कोड "१" मा गोलोघेरा लगाई प्रश्न नं. ८.२ सोध्नुपर्दछ । व्यवसायिक भवनमा नभई अन्यत्र अथवा आवासीय भवनमा नै पालिएको भए कोड "२" मा गोलो घेरा लगाई प्रश्न नं. ८.२ नसोधी प्रश्न नं. ८.३ सोध्नुपर्दछ ।

८.२ यस व्यवसायमा रहेको व्यावसायिक भवन (खोर/घर) को संख्या, स्वामित्व तथा भवनको प्रकार

यस प्रश्नमा व्यावसायिक भवन (खोर/घर)को किसिम अनुसार त्यसको स्वामित्व तथा भवनको प्रकारको बारेमा सोधी लेख्नुपर्दछ । व्यवसाय संचालनको क्रममा व्यावसायिक भवन विभिन्न प्रयोजनको लागि प्रयोग भएको हुनसक्छ जस्तै कुखुरापालनका लागि, चल्ला उत्पादनका लागि, स्टोरका प्रयोजनका लागि, कार्यालय संचालनका लागि आदि ।

यदि व्यवसायीले कुखुरापालनका लागि यस्ता व्यावसायिक भवन प्रयोग गरेको भएमा प्रयोग गरिएका भवनहरुको प्रकार र स्वामित्वअनुसार संख्या सोधी सो संख्या आफ्नै स्वामित्वको भए महल ३ मा, अरुको भए महल ४ मा र दुवै जोडी जम्मा संख्या महल ५ मा लेख्नुपर्दछ ।

त्यसैगरी महल २ मा उल्लिखित प्रयोगको किसिम अनुसारका व्यवसायिक भवनहरुको बनौटको प्रकार अनुसारको व्यवस्थित भवनको संख्या महल ६ मा, अर्धव्यवस्थित भवनको संख्या महल ७ मा र अव्यवस्थित भवनको संख्या महल ८ मा छुट्टाछुट्टै लेख्नुपर्दछ ।

व्यवस्थित भवन : कुखुरापालन व्यवासाय प्रयोजनको लागि प्रयोग गरिएको व्यावसायिक भवन कुखुरा पालनका लागि उपयुक्त हुने गरी त्यसको भुईं सिमेन्टले चिल्लो र एकतर्फ भिरालो गरी बनाइएको र त्यसको गारो जमिनबाट २-३ फिटको उचाइसम्म उठाई त्यसमाथि जाली लगाई खोरको उचाई ७ फिटभन्दा बढी उठाई जस्तापाता, लेन सिट, टायल, खर वा परालबाट दुई पाखे डिजाइनको छानोसहित बनाइएको भए यस्तो भवनलाई व्यवस्थित व्यावसायिक भवन (खोर/घर) भनिन्छ ।

अर्धव्यवस्थित भवन : व्यावसायिक भवनको भुईं सिमेन्टले चिल्लो नबनाई माटो वा बालुवामाथि इटा राखी साधारण गारो लगाएर तारजालीको घेरा बनाई साधारण छानासहित बनाएको व्यवसायिक भवन (खोर/घर) लाई अर्धव्यवस्थित व्यावसायिक भवन भनिन्छ ।

अव्यवस्थित भवन : व्यवसायिक भवनको भुईंमा सिमेन्ट, इटा प्रयोग नगरी गारोको सट्टामा बाँस, काठमा त्रिपाल जाली लगाई वा टाटीको गारो बनाई खर परालको छाना लगाई तयार गरिएको खोरलाई अव्यवस्थित व्यावसायिक भवन भनिन्छ । साधारणतया यस प्रकारको भवनलाई सुरक्षित मानिदैन् ।

८.३ यो कुखुरापालन व्यवसाय गर्नुअघि प्रमुख सञ्चालक/व्यवसायीको व्यवसाय/पेशा/क्षेत्र के थियो ?

यस प्रश्नमा कस्ता व्यवसाय/पेशा/क्षेत्रमा संलग्न व्यक्तिहरु कुखुरापालन व्यवसायमा आएका रहेछन् भन्ने जान्न खोजिएको हो । प्रमुख सञ्चालक/व्यवसायीको कुखुरापालन व्यवसाय संचालन गर्नुअघि कुन व्यवसाय/पेशा/क्षेत्र थियो सोधी कृषि (कुखुरापालन बाहेक) भए कोड १ मा, व्यापार भए कोड २ मा, उद्योग भए कोड ३ मा, नोकरी भए कोड ४ मा, वैदेशिक रोजगार भए कोड ५ मा, विद्यार्थी भए कोड ६ मा र कुनै पेशा/व्यावसाय नगरेको भए कोड ७ गोलो घेरा लगाउनुपर्दछ । यी उल्लिखित व्यवसाय बाहेक व्यवसायीको पूर्व व्यवसाय अन्य भए कोड ८ मा गोलो घेरा लगाई सो व्यवसाय के हो खुलाउनु पर्दछ।

८.४ प्रमुख सञ्चालक/व्यावसायीले कुखुरापालन व्यवसायसम्बन्धी तालिम लिनु भएको छ ?

कुखुरा फर्मका प्रमुख सञ्चालक/व्यवसायी वा कृषकले कुखुरापालन व्यवसाय सम्बन्धी तालिम लिए/नलिएको सोधी तालिम लिएको भए कोड १ (छ) मा र तालिम नलिएको भए कोड २ (छैन) मा गोलो घेरा लगाउनु पर्दछ ।

कुनै पनि सरकारी तथा गैरसरकारी निकायबाट कुखुरापालनसम्बन्धी व्यवहारिक तथा सैद्धान्तिक ज्ञान दिने उद्देश्यले दिइएको एक दिन वा सोभन्दा बढी अवधिको तालिम लिएको व्यक्तिलाई यहाँ तालिम लिएको व्यवसायी मानिएको छ ।

८.५ यस फर्मले जैविक सुरक्षा प्रणालीका निम्न उपायहरु अपनाएको छ ?

कुखुरापालन व्यवसायमा जैविक सुरक्षा प्रणालीको अत्यन्तै महत्व रहेको हुन्छ । यसले वातावरणीय प्रभावका साथै कुखुराको मृत्युदरमा समेत प्रत्यक्ष प्रभाव पार्दछ। यसरी व्यवसायमा जैविक सुरक्षाका निम्न उपायहरु अपनाएको छ/छैन सोधी तथा अवलोकनसमेत गरी कुखुरापालन व्यवसाय बस्तीबाट अलग्गै एकान्तमा भए कोड १ (छ) र नभए २ (छैन) मा गोलो घेरा लगाउनुपर्दछ । यसरी नै कुखुरा फर्म वरिपरि पर्खाल वा तारघेरा लगाएको छ भने कोड १ (छ) मा र नभए कोड २ (छैन) मा, खोरभित्र पस्ने ढोका वा गेटमा निःसंक्रमण औषधी प्रयोग गरी जाने गरिएको छ भने कोड १ (छ) मा र छैन भने कोड २ (छैन) मा, कुखुरा फर्मभित्र जाँदा छुट्टै लुगा/जुत्ता बदलेर जाने गरेको छ भने कोड १ (छ) मा र नभए कोड २ (छैन) मा, खोरको भुई तथा औजार बेलाबेलामा निःसंक्रमण गर्न रसायनले सफा गर्ने गरेको छ भने कोड १ (छ) मा र नभए कोड २ (छैन) मा गोलो घेरा लगाउनु पर्दछ। यस्तै मल प्रयोजनका लागि बिक्री गर्नुअघि सुलीको उचित व्यवस्थापन गरेको छ भने कोड १ मा र छैन भने कोड २ मा, डिस्पोजल पीट (खाडल) को व्यबस्था गरिएको छ भने कोड १ मा र छैन भने कोड २ मा र खोरमा जानुभन्दा पहिला नुहाउने गरिएको छ भने कोड १ मा र छैन भने कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

८.६ कुखुरापालन व्यवसायमा प्रभाव पार्ने पक्षहरु

कुनै पनि व्यवसायलाई सफलतापूर्वक सम्पन्न गर्न त्यस व्यवसायसँग सम्बन्धित आन्तरिक तथा बाह्य विविध पक्षहरुको महत्वपूर्ण भूमिका रहिआएको हुन्छ । यस प्रश्नमा कुखुरापालक व्यवसायको विविध क्षेत्र प्रतिको व्यवसायीको धारणा जान्न खोजिएको छ । विभिन्न विषयउपर व्यवसायीले व्यक्त गरेको

धारणालाई १ राम्रो, २ ठिकठिकै र ३ नराम्रो गरी तीन स्तरमा वर्गीकरण गरिएको छ । व्यवसायीलाई व्यवसायमा सरकारी प्राविधिक सेवाको उपलब्धताको अवस्था सोध्दा राम्रो भनेमा कोड १ मा, ठिकठिकै भनेमा कोड २ मा र नराम्रो भनेमा कोड ३ मा गोलो घेरा लगाउनुपर्दछ । यसरी नै व्यवसायीको विचारमा निजी प्राविधिक सेवाको उपलब्धता, दक्ष जनशक्ति उपलब्धताको स्थिति, बैकको ब्याजदर, उत्पादनको बजार, चल्लाको गुणस्तर, दानाको गुणस्तर, व्यवसायीको आफ्नै व्यवसायप्रति सन्तुष्टि र खोप/औषधिको उपलब्धताको बारेमा अलगअलग सोधी राम्रो भनेमा कोड १ मा, ठिकठिकै भनेमा कोड २ मा र नराम्रो भनेमा कोड ३ मा गोलो घेरा लगाउनुपर्दछ।

८.७ यस फर्मले मृत्यु भएको कुखुराहरुको व्यवस्थापन कसरी गर्ने गरेको छ ?

फर्ममा विभिन्न कारणले कुखुराको मृत्यु भएको हुनसक्छ । यसरी मृत्यु भएका कुखुराको सही रुपमा व्यवस्थापन हुन नसकेमा वातावरणीय प्रभावमा प्रत्यक्ष असर पर्दछ । यस प्रश्नमा फर्ममा मृत्यु भएका कुखुराको व्यवस्थापन कसरी गर्ने गरिएको छ सोधी यदि गाड्ने गरेको भए कोड १ मा, फोहोरको कन्टेनरमा फाल्ने गरेको भए कोड २ मा, बंगुर फर्मलाई दिने गरेको भए कोड ३ र यी बाहेक अन्य तरिकाले व्यवस्थापन गर्ने गरेको भए कोड ४ मा गोलो घेरा लगाई व्यवस्थापन गर्ने तरिका समेत खुलाउनुपर्दछ ।

८.८ सन्दर्भ अवधिमा व्यवसायको क्षमताअनुसार उत्पादनको अवस्था

यस प्रश्नमार्फत कुखुरापालन व्यवसायले क्षमता अनुसार उत्पादन गरेको छ कि छैन भन्ने जान्न खोजिएको हो।

महल १: यस महलमा कुखुरापालन व्यवसायसम्बन्धी उत्पादनका विवरणहरु रहेका छन् ।

महल २: कुखुरापालन व्यवसायको पूर्ण क्षमताको कति प्रतिशत सञ्चालनमा भएको छ सो प्रतिशत यस महल अन्तर्गत लेख्नुपर्दछ । यदि व्यवसाय १०० प्रतिशत क्षमतामा नै उपयोग भएको भए महल ३ सोध्नु पर्दैन ।

महल ३: कुखुरापालन व्यवसाय पूर्ण क्षमतामा सञ्चलानमा कमि भएको भए के कारणले सञ्चालन नभएको हो सोधी मुख्य कारणलाई जनाउने उपयुक्त कोड यस महलअन्तर्गत लेख्नुपर्दछ । महल ३ अन्तर्गत व्यवसाय पूर्ण क्षमतामा संचालन नहुनुको कारण बजारको अभाव भए कोड १, पुँजीको अभाव भए कोड २, चल्लाको गुणस्तरमा कमी भए कोड ३, दानाको गुणस्तरमा कमी भए कोड ४ र व्यवस्थापनमा समस्या भए कोड ५ लेख्नुपर्दछ। यसैगरी कामदारको अभाव भए कोड ६, प्राविधिक

सेवाको अनुपलब्धता भए कोड ७ र माथि उल्लिखित कारणहरु बाहेक अन्य कुनै कारण भए कोड ८ लेख्नुपर्दछ ।

८.९ के यो कुखुरापालन व्यवसाय प्रमुख सञ्चालक/व्यवसायीको मुख्य व्यवसाय हो ?

कुखुरा फर्मका प्रमुख सञ्चालक/व्यवसायी वा कृषकको यो कुखुरापालन व्यवसाय मुख्य व्यवसाय हो वा होइन सोधी, मुख्य व्यवसाय भएमा कोड १ (हो) मा र नभएमा कोड २ (होइन) मा गोलो घेरा लगाउनु पर्दछ ।

८.१० यस कुखुरापालन व्यवसायसम्बन्धी भावी योजना के छ ?

यस प्रश्नमा कुखुरापालन व्यवसायीले आगामी वर्ष आफ्नो व्यवसाय कुन क्षमतामा संचालन गर्ने योजना गरेको छ सोधी यथावत् संचालन गर्ने योजना भए कोड १ मा, क्षमता वृद्धि गर्ने योजना भए कोड २ मा, क्षमता कम गर्ने योजना भए कोड ३ मा र व्यवसाय नै बन्द गर्ने योजना भए कोड ४ मा गोलो घेरा लगाउनु पर्दछ ।यदि कोड ४ मा गोलो घेरा लगाएको अवस्थामा दायाँतिर दिएको बक्समा उल्लिखित उपयुक्त कारण छनोट गरी महल २ मा लेख्नुपर्दछ।

८.११ तपाईको विचारमा कुखुरापालन व्यवसायको हितको लागि सरकारले गर्नुपर्ने मुख्य मुख्य कार्यहरु के के हुनसक्छन् ?

कुखुरापालन व्यवसायको प्रवर्द्धनका लागि वा कुखुरापालन व्यवसायको हितका लागि नेपाल सरकारले के कस्तो नीति, योजना बनाउँदा वा व्यवस्था गर्दा यो व्यवसायको प्रवर्द्धन हुनसक्छ, समृद्ध हुन्छ भन्ने लाग्छ भनी व्यवसायीलाई सोधी व्यवसायीको विचार वा सुझाव यहाँ उल्लेख गर्नुपर्दछ। यसरी सुझाव लेख्दा बुँदागतरुपमा बढीमा ५ वटा सम्म सुझावहरु लेख्न सकिन्छ ।

(धन्यवाद)

अनुसूची १ : प्रदेशको नाम र कोड

प्रदेश	कोड
कोशी	१
मधेश	२
वागमती	३
गण्डकी	४
लुम्विनी	५
कर्णाली	६
सुदुरपश्चिम	७

अनुसूची २ : जिल्लाको नाम र कोड

कोड	नाम
१	ताप्लेजुङ
२	संखुवासभा
३	सोलुखुम्बु
४	ओखलढुङ्गा
५	खोटाङ
६	भोजपुर
७	धनकुटा
८	तेह्रथुम
९	पाँचथर
१०	इलाम
११	झापा
१२	मोरङ
१३	सुनसरी
१४	उदयपुर
१५	सप्तरी
१६	सिरहा

कोड	नाम
१७	धनुषा
१८	महोत्तरी
१९	सर्लाही
२०	रौतहट
२१	बारा
२२	पर्सा
२३	दोलखा
२४	सिन्धुपाल्चोक
२५	रसुवा
२६	धादिङ
२७	नुवाकोट
२८	काठमाडौँ
२९	भक्तपुर
३०	ललितपुर
३१	काभ्रेपलाञ्चोक
३२	रामेछाप

कोड	नाम
३३	सिन्धुली
३४	मकवानपुर
३५	चितवन
३६	गोरखा
३७	मनाङ
३८	मुस्ताङ
३९	म्याग्दी
४०	कास्की
४१	लमजुङ
४२	तनहुँ
४३	नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
४४	स्याङजा
४५	पर्वत
४६	बागलुङ
४७	रुकुम (पुर्व)
४८	रोल्पा

कोड	नाम
४९	प्यूठान
५०	गुल्मी
५१	अर्घाखाँची
५२	पाल्पा
५३	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
५४	रुपन्देही
५५	कपिलवस्तु
५६	दाङ
५७	बाँके
५८	बर्दिया

कोड	नाम
५९	डोल्पा
६०	मुगु
६१	हुम्ला
६२	जुम्ला
६३	कालिकोट
६४	दैलेख
६५	जाजरकोट
६६	रुकुम (पश्चिम)
६७	सल्यान
६८	सुर्खेत

कोड	नाम
६९	बाजुरा
७०	बझाङ
७१	दार्चुला
७२	बैतडी
७३	डँडेलधुरा
७४	डोटी
७५	अछाम
७६	कैलाली
७७	कञ्चनपुर

अनुसूची ३ : शैक्षिक योग्यताको नाम र कोड

कोड	तह
पूर्व प्राथमिक	१
प्राथमिक	२
निम्नमाध्यामिक	३
माध्यमिक	४
एस ई ई वा सोसरह	५
पलस टु वा सोसहर	६
स्नातक वा सोसरह	७
स्नाकत्तोर वा सोभन्दा माथि	८
अनौपचारिक	९
लेख्न पढ्न नजानेको	१०

अनुसूची ४ : जात/जातिको नाम र कोड

कोड	जात/जाति नाम
१	क्षेत्री
२	ब्राह्मण - पहाड
३	मगर
४	थारू
५	तामाङ
६	विश्वकर्मा
७	मुसलमान
८	नेवाः (नेवार)
९	यादव
१०	राई
११	परियार
१२	गुरुङ
१३	ठकुरी
१४	मिजार
१५	तेली
१६	याक्थुङ/लिम्बु
१७	चमार/हरिजन/राम
१८	कोइरी/कुसवाहा
१९	कुर्मी
२०	मुसहर
२१	धानुक
२२	दुसाध/पासवान/पासी
२३	ब्राह्मण-तराई
२४	मल्लाह
२५	सन्यासी/दसनामी
२६	केवट
२७	कानु
२८	हजाम/ठाकुर
२९	कलवार
३०	राजबंशी
३१	शेर्पा

कोड	जात/जाति नाम
३२	कुमाल
३३	तत्मा/तत्वा
३४	खत्वे
३५	घर्ती/भुजेल
३६	माझी
३७	नुनीया
३८	सुँडी
३९	धोवी
४०	लोहार
४१	बिन
४२	कुम्हार
४३	सोनार
४४	चेपाङ/प्रजा
४५	रानाथारु
४६	दनुवार
४७	सुनुवार
४८	हलुवाई
४९	बरई
५०	बाँतर/सरदार
५१	कहर
५२	सन्थाल
५३	बनियाँ
५४	कथबनियाँ
५५	बडही/बढई
५६	उराँव/कुडुख
५७	राजपूत
५८	अमात
५९	गनगाई
६०	लोध
६१	गडेरी/भेडियार
६२	घले

कोड	जात/जाति नाम
६३	मारवाडी
६४	कायस्थ
६५	कुलुङ
६६	थामी
६७	भूमिहार
६८	राजभर
६९	रौनियार
७०	धिमाल
७१	खवास
७२	ताजपुरिया
७३	कोरी
७४	डोम
७५	माली
७६	दराइ
७७	याक्खा
७८	भोटे
७९	बान्तवा
८०	राजधोव
८१	धुनीया
८२	पहरी
८३	बंगाली
८४	गोंढ/गोंड
८५	चाम्लिङ
८६	छन्त्याल/छन्तेल
८७	थकाली
८८	बादी
८९	बोटे
९०	पुन
९१	ह्योल्मो/योल्मोपा
९२	खटिक
९३	याम्फु

कोड	जात/जाति नाम
९४	केवरत
९५	बराम/बरामु
९६	देव
९७	नाछिरिङ
९८	गाइने
९९	बाहिङ
१००	थुलुङ
१०१	जिरेल
१०२	खालिङ
१०३	आठपहरिया
१०४	डोल्पो
१०५	सरवरिया
१०६	मेवाहाङ
१०७	व्याँसी/सौका
१०८	दुरा
१०९	मेचे
११०	राजी

कोड	जात/जाति नाम
१११	साम्पाङ
११२	चाइ/खुलौट
११३	चुम्बा/नुब्री
११४	धन्कार/धरिकार
११५	मुण्डा
११६	लेप्चा
११७	पथरकट/कुशवाडिया
११८	हायु
११९	बेलदार
१२०	हलखोर
१२१	नटुवा
१२२	लोहोरूङ
१२३	कमर
१२४	ढाँडी
१२५	डोने
१२६	मुगाल/मुगुम
१२७	पंजाबी/सिख

कोड	जात/जाति नाम
१२८	कर्मारोङ
१२९	चिडिमार
१३०	किसान
१३१	ल्होपा
१३२	कलार
१३३	फ्री
१३४	कोचे
१३५	तोप्केगोला
१३६	राउटे
१३७	वालुङ
१३८	ल्होमी
१३९	सुरेल
१४०	कुसुण्डा
१४१	बनकारिया
१४२	नुराङ
१४३	अन्य